मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : ७८ ★ ने. सं. ११४४ चौला थ्व, द्वितीया ★ बुधबार ★ २८ चैत, २०८० ★ April 10, 2024, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

### बिस्का जात्रा शान्तिपूर्ण, अनुशासित र मर्यादित बनाउन सद्‌भाव र्‍याली

# काठमाडौं उपत्यका नेपालको सांस्कृतिक केन्द्र




भक्तपुर, २७ चैत । भक्तपुर नगरपालिकाको आयोजनामा यस वर्षको बिस्का जात्रा शान्तिपूर्ण रूपमा सम्पन्न गर्न मङ्गलबार सद्‌भाव र्‍याली भयो ।

भक्तपुर नगरको वडा नं. ९ स्थित दत्तात्रय र वडा नं. १ स्थित इनागबाट सुरू भएको र्‍याली बजार परिक्रमा हुँदै भैरवको रथ तान्ने पुरातात्त्विक स्थल टौमढीमा पुगी सभामा परिणत भएको थियो ।

उक्त सभामा नेमकिपाका सचिव एवं प्रतिनिधिसभाका सदस्य प्रेम सुवालले मानव सभ्यताको विकासको सिलसिला संस्कृति हो; संस्कृति हाम्रो पुर्खाको गौरव हो, हाम्रो सम्पति हो; यहाँको संस्कृति पर्यटनको केन्द्र भएको विचार व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "हाम्रो पुर्खाको गौरव र पर्यटनको लागि हाम्रो संस्कृतिलाई संरक्षण गर्नु जरुरी छ । पर्व, जात्रा, दाफा, भजन, वास्तुकला, मठ, मन्दिर, पोखरी, ढुङ्गेधारा सबै हाम्रो संस्कृति र सम्पदा हुन् । विज्ञान र गणितअनुसार १२ घण्टाको दिन र १२ घण्टाको रात हुने विषुवकाल बिस्का जात्रा भएको बताउनेहरू पनि छन् । हाम्रो संस्कृति प्रकृतिसँग पनि जोडिएको छ । भनिन्छ, प्रकृतिविना संस्कृति बाँच्दैन । रुसका साहित्यकार म्याक्सिम गोर्कीले मानिसको दोस्रो प्रकृति वा समाजद्वारा निर्मित स्वभाव संस्कृति बताउनुभएको थियो ।"

उहाँले भन्नुभयो, हाम्रो भूमि, हाम्रो देश, नेपाली, भक्तपुरवासी, हामी उपत्यकावासी जीउँदो नभए यहाँको हाम्रो संस्कृति पनि रहने छैन । काठमाडौं उपत्यका नेपालको सांस्कृतिक केन्द्र हो । संस्कृतिको लागि शिक्षा जरुरी छ । यसकारण, भक्तपुर नगरपालिकाले ख्वप कलेजहरू सञ्चालन गरेर ७७ ओटै जिल्लाका विद्यार्थीहरूलाई उच्च शिक्षा दिइरहेको हो । भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालयको विधेयक पारित गर्न सरकारबाट छिट्टै अगाडि बढाइए नयाँ पुस्तालाई सुसंस्कृत बनाउन थप मद्दत पुग्नेछ ।"

बिस्का जात्रा बाल, बच्चा, महिला, ज्येष्ठ नागरिक, युवा सबै सहभागी भई हेर्न पाउने अवस्थामा सफल बनाउनु जरुरी रहेको उल्लेख गर्दै उहाँले बिस्का जात्रा सफल बनाउन यसमा सरोकार राख्ने सबैको सहयोग र सहभागिता जरुरी छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "नेपाल वायु सेवा निगमको ५० अर्ब ऋण भएको बताइयो । सरकारको जमानीमा कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट ऋण ल्याई दुई ओटा वाइडबडी जहाज खरिद गरिएको थियो । यसबारे सुरुमा आम सञ्चारमा ८ खर्ब रुपैयाँ भ्रष्टाचार भएको समाचार प्रकाशित भयो । प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिमा साढे ४ अर्ब रुपैयाँ भ्रष्टाचार भएको उठ्यो । अहिले अख्तियारबाट १ अर्ब ३७ करोड रुपैयाँ भ्रष्टाचार भएको आरोपसहित ३२ जना नेपाली र ८ जना विदेशीलाई विशेष अदालतमा मुद्दा दायर भयो ।"

बाँकी पृष्ठ २ मा

# छानबिन समितिको माग गरी संसद्‌मा अवरोध

काठमाडौँ, २७ चैत । प्रतिनिधिसभाको बैठक सुरु हुनासाथ नेकाका सांसद एवं सचेतक सुशिला थिङले सूर्यदर्शन सहकारीबाट गोर्खा मिडिया कम्पनीको नाममा गृहमन्त्री रवि लामिछानेले लिएको एक अर्ब रूपैयाँ ऋण लिएको र सहकारीका लाखौँ पीडितहरू सडकमा आवाज उठाइरहेको उल्लेख गर्दै पीडक लामिछानेलाई कारबाही हुनुपर्ने बताउनुभयो ।

नेकाको मङ्गलबार बसेको संसदीय दलको बैठकमा गृहमन्त्री लामिछाने सहकारी रकम अपचलनमा परेको हुँदा संसदीय छानबिन समिति गठन गर्नुपर्ने निर्णय भएको उल्लेख गर्दै सांसद थिङले प्रमुख विपक्षी नेकाको यो आवाजलाई बेवास्ता गर्ने सरकार नै दोषी हुने औँल्याउनुभयो ।

सभामुख देवराज घिमिरेले रास्वपाको मनिष झालाई बोल्न समय दिएपछि नेकाका सबै सांसदहरू उठेर टेबुल ठटाउँदै बैठक अवरोधमा लागे ।

नेकाको बैठक अवरोधमै सांसद झाले 'प्रतिनिधिसभा नियमावली २०७९ अन्तर्गत पृष्ठ नं. १२ मा' बोल्नेबित्तिकै सभामुख घिमिरेले संसद अवरोध हुँदा देश र जनताको विषयमा छलफल हुन नसकेको उल्लेख गर्दै संसदको नियमित प्रक्रिया अगाडि बढाउन वातावरण तयारीको लागि नेकालाई आग्रह गर्नुभयो ।

प्रमुख विपक्षी नेकासँगै सत्तापक्ष एमाले र माओवादीका सांसदहरू पनि आ-आफ्नो स्थानमा उठ्नुभयो ।

एमालेका प्रमुख सचेतक महेश बर्तौलाले सभामुखबाट बोल्ने अनुमति नपाए पनि विनामाइक संसद् प्रमुख विपक्षी नेकाको मात्र नभएको सत्ता पक्षको पनि भएको उल्लेख गर्नुभयो ।

विपक्षी लोसपा (महन्थ ठाकुर) र जनमत (सीके राउट) का सांसदहरू पनि आ-आफ्नो स्थानमा उठ्नुभयो ।

नेकाका सांसदहरूले पनि छानबिन समिति गठन हुनुपर्ने भनी बोलिरहनुभयो ।

सभामुख घिमिरेले सम्पूर्ण सांसदको सहयोगबिना बैठक सञ्चालन हुन नसक्ने उल्लेख गर्दै अपराह्न १:१४ बजे १५ मिनेटको लागि स्थगित गर्नुभयो ।

शासक दलहरूबिच छलफलपछि सभामुख घिमिरेले अपरान्ह २:२७ बजे बैठक चैत २८ गते ११ बजेसम्मको लागि स्थगित गर्नुभएको थियो ।

बिहान ११ बजेको लागि बोलाइएको बैठक सभामुखसहित प्रम दाहाल, एमालेका केपी ओली, नेकाका देउवाबिच बालुवाटारमा छलफल भएको थियो । छलफलको विषय संसद् सञ्चालनभन्दा पनि चैत २८ गते हुने राष्ट्रियसभाको उपाध्यक्ष चुनावबारे छलफल भएको बताइन्छ ।

# बीमा लागु भएका अस्पतालमा भुक्तानी दिन किन ढिलाइ ?

काठमाडौँ, २७ चैत । नेपालको संविधानले आधारभूत स्वास्थ्य उपचार सेवा नि:शुल्कको सुनिश्चितता गरेको छ । देशभर आधारभूत स्वास्थ्य केन्द्रहरूमार्फत त्यसको कार्यान्वयन हुँदै छ । स्वास्थ्यमा सबैको पहुँच पुर्‍याउने उद्देश्यले स्वास्थ्य बीमा कार्यक्रम लागु गरिएको छ ।

२०७२ साल चैत २५ गतेबाट नेपालमा बीमा कार्यक्रम सुरु भएको हो । चैत २५ गते 'तपाईंको स्वास्थ्य हाम्रो अठोट' भन्ने मूल नाराका साथ राजधानीमा कार्यक्रम गरियो । अहिले देशमा ७७ वटै जिल्लामा यो कार्यक्रम लागु भएको छ । रु. ३५००।- को बीमाले एक लाखसम्मको उपचार पाउनु बीमितहरूको हितमा छ । सरकारले जुन उद्देश्यले बीमा कार्यक्रम लागु गरिएको हो, त्यो व्यवहारमा देखिएको छैन् । सरकारी तथ्याङ्कअनुसार देशभर अहिले ७४ लाख बीमितहरूमध्ये ४७ लाखमात्रै सक्रिय बीमितहरू छन् ।

सर्वसाधारण जनताको लागि स्वास्थ्य बीमा राम्रो हुँदाहुँदै पनि सरकारको स्पष्ट योजना नहुँदा सफल हुनेमा धेरैले शङ्का गरेका छन् । सरकारले धनी र गरिब सबै नागरिकलाई समानरूपमा बीमा लागु गर्नु, सरकारी र निजी अस्पतालहरूमा पनि बीमा कार्यक्रम लागु गर्नु र निजामती कर्मचारी, प्रहरी, सेना, सङ्गठित संस्थामा कार्यरत सबै कर्मचारीहरूलाई अनिवार्य स्वास्थ्य बीमामा आबद्ध गर्न नसक्नु बीमाका कमजोर पक्षहरू हुन् ।

निजी अस्पतालहरू सेवाभन्दा नाफाको निम्ति खोलिएका हुन्छन् । फाइदाका लागि तिनीहरू बिरामीलाई चाहिनेभन्दा बढी औषधि लेख्ने, परीक्षण गराउने र कतिपयले नक्कली बिलको समेत बीमा रकम दाबी गर्ने गर्छन् । यसले गर्दा सरकारको उद्देश्यअनुसार काम हुन नसकेको देखिन्छ ।

सरकारले जतिसुकै स्वास्थ्य बीमाको प्रचारप्रसार गरे पनि सरकारी र सामुदायिक अस्पतालहरू बीमाकै कारण समस्यामा छन् । त्यसको मुख्य कारण अस्पतालहरूलाई समयमा भुक्तानी प्रदान नगर्नु हो । औषधिलगायतको क्षेत्रमा अस्पतालहरूले धेरै लगानी गरिराखेको हुन्छ । धेरैले त्यो व्यापारीबाट उधारो लिएका हुन्छन् र समयमा भुक्तानी गर्न नसक्दा व्यापारीहरूले विश्वास गर्दैनन् र सामान उपलब्ध गराउन रोक्छन् । त्यसको मार जनतालाई पर्छ । यसबारे बारम्बार प्रश्न उठे पनि सरकारले सम्बोधनको प्रयास गरेको देखिँदैन ।

गएको माघ १ गतेबाट बीमितहरूसँग उपचारको क्रममा लाग्ने खर्चको १० प्रतिशत नगद भुक्तानी लिने नीति लागु गरियो । आवश्यकताभन्दा बढी परीक्षणहरू रोक्ने उद्देश्यले सायद यो कार्यक्रम लागु गरिएको हुनसक्छ । त्यसलाई जनताले सकारात्मकरूपमै लिएका छन् ।

आफूलाई चाहिने बेला उपचार गर्न पाइएन भने बीमाप्रति जनताको विश्वास घट्नेछ ।

अहिले मुलुकभरि ४४० वटा

बाँकी पृष्ठ ८ मा









***काठमाडौं..***

निगमका अधिकारीहरू कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषको ऋणको ब्याज महँगो हुँदा विदेशीसँग सस्तो ब्याजको डेढ खर्ब रुपैयाँ ऋण ल्याएर कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषको ऋण फिर्ता गरी थप हवाईजहाज खरिद गर्ने बताइरहेको चर्चा गर्दै उहाँले हामीले विदेशीसँग ऋण लिनु देशलाई उपनिवेश बनाउनु हुनेतर्फ सरकारलाई सचेत गराएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “एसियाली विकास बैङ्कको ऋणमा मेलम्चीको खानेपानी काठमाडौं ल्याउन ६३ अर्ब रुपैयाँ खर्च गरियो। खानेपानी मन्त्रालयमा केही दिन अगाडि भएको बैठकमा अधिकारीहरूले मेलम्ची खानेपानीको मुहानमा बनाइएको मुख्य प्रवेशद्वार पहिरोमा पुरिएको हुँदा थप ४-५ अर्ब रुपैयाँ खर्च अलिकति माथिबाट पानी ल्याउने बताए। हामीले देशको सन्तुलित विकास गरी काठमाडौँ उपत्यकामा बसाइँसराइ बन्द गरेर यहाँको वरिपरिको डाँडामा पानी आउने जातको रुख रोपे एक अर्ब रुपैयाँ पनि नलाग्ने गरी पानीको व्यवस्था गर्न सकिनेतर्फ मन्त्रालयको ध्यानाकर्षण गरायौं। काठमाडौँमा बसाइँसराइ निकै बढेको हुँदा यहाँको प्रदूषण दिनको दुई बट्टा चुरोट खाए बराबर भएको विज्ञहरूको मत रहेको छ।”

“नेपालमा बिजुली उत्पादन भएको ११२ वर्ष भयो। सरकारहरूले कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णालीलगायत जलविद्युत्मा नेपालको अधिकार छोड्दा नेपालको पानीको अधिकारसमेत गुम्यो। अहिले भारतबाट बिजुली नपठाउँदा औद्योगिक क्षेत्रमा राति ४ घण्टा लोडसेडिङ भएको सार्वजनिक भयो।” उहाँले भन्नुभयो।

सञ्चारमाध्यमा दैनिकरूपले भ्रष्टाचार र अनियमितताको समाचार प्रकाशित भइरहेको औँल्याउँदै उहाँले ललितानिवासको सार्वजनिक जग्गा, थँहीको कमलपोखरी, झौखेलको कमलपोखरी व्यक्तिको नाममा दर्ता गरिदिने मालपोत र गुठी कार्यालयका अधिकारी दोषी हुन्; भक्तपुर च्वङापाको सांस्कृतिक स्थल, रानीपोखरी, दूध सङ्कलन केन्द्र २०४०।४१ सालमा नेपाली सेनाको नाममा दर्ता गरिएको पुन:सार्वजनिक गर्नु आवश्यक छ भन्नुभयो।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले चैत २७ गतेबाट सुरु भई वैशाख ५ गतेसम्म हुने बिस्का जात्रामा हजारौँ स्वदेशी र विदेशी पर्यटकहरूले प्रत्यक्ष अवलोकन गर्न आउने तथा विभिन्न सञ्चार माध्यमहरूबाट विश्वभरका नागरिकहरूले प्रत्यक्ष हेर्ने हुनाले जात्रालाई शान्तिपूर्ण, व्यवस्थित र सभ्य बनाउनु सबैको साझा जिम्मेवारी भएको बताउनुभयो।

उहाँले चाड-पर्व र जात्राहरूको महत्त्वबारे नयाँ पुस्तालाई जानकारी दिन भक्तपुर नगरपालिकाले कक्षा १ देखि ८ सम्म नगरभित्रका विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागु गरी पठनपाठन गराइरहेको जानकारी दिँदै मूर्त र अमूर्त सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार तथा संरक्षण र संवर्द्धन भक्तपुर नगरपालिकाले निरन्तर गर्दै आइरहेको बताउनुभयो। उहाँले जात्राको बेला कसैलाई पनि अप्ठेरो महसुस गर्न नपरोस् भन्ने हेतुले नगरको जात्रा हुने भेलुखेललगायतका केही स्थानहरूलाई मदिरा निषेधित गरिएको जानकारी दिनुभयो।

प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठले जात्रालाई व्यवस्थित गर्न सुरक्षा निकायको तर्फबाट गर्नुपर्ने सम्पूर्ण तयारी पूरा भएको जानकारी दिँदै जात्रालाई शान्तिपूर्ण र मर्यादितरूपमा सम्पन्न गर्न अनुरोध गर्नुभयो।

गुठी संस्थान, भक्तपुर शाखाका प्रमुख खिमा ओलीले गुठी संस्थान, भक्तपुरले प्रसिद्ध बिस्का जात्रा सम्पन्न गर्न आवश्यक सम्पूर्ण तयारी समयमै सम्पन्न गरिसकेको जानकारी दिँदै चैत २७ गते दिनको ३ बजेबाट समयमै जात्रा सुरु गरी जात्रालाई सफल बनाउन पुजारी, नाइके तथा नगरवासीहरूको सहयोगको अपेक्षा गर्नुभयो। उहाँले जात्रालाई भव्य, सभ्य, शान्तिपूर्ण, सुरक्षित, अनुशासित, मर्यादित र मैत्रीपूर्ण तरिकाले जात्रा सम्पन्न गर्न जनसमुदायले आफ्नै जात्रा हो भन्ने भावनाका साथ मनाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ र वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो।

र्‍याली सुरु हुनुअघि दत्तात्रयमा रवीन्द्र ज्याख्व र वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले बोल्नुभएको थियो भने वडा नं. १ इनागमा भनपाका उपप्रमुख रजनी जोशी र वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले बोल्नुभएको थियो।

र्‍यालीमा सुरक्षाकर्मी, स्काउट, खेलाडी, स्वास्थ्यकर्मी, सहकारीकर्मी, रेडक्रस, शिक्षक, विद्यार्थी, विभिन्न सामाजिक संस्था, विभिन्न वाद्यवादनको टोली, महिला, युवा, किसान, मजदुर, कर्मचारी, व्यवसायी, जनप्रतिनिधि तथा कार्यालय प्रमुखहरूको व्यापक उपस्थिति थियो।

# त्रिभुवन विश्वविद्यालय र चिनियाँ विश्वविद्यालयबिच सम्झौता

कीर्तिपुर (काठमाडौँ), २७ चैत। त्रिभुवन विश्वविद्यालय र चीनको पेइचिङ फरेन स्टडिज विश्वविद्यालयबिच अध्ययन अध्यापन तथा अनुसन्धानात्मक कार्य आदानप्रदान गर्ने विषयमा सम्झौता भएको छ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा. डा. केशरजङ्ग बराल तथा पेइचिङ फरेन स्टडिज विश्वविद्यालय परिषद्का अध्यक्ष प्राध्यापक डा. वाङ डिङह्वाबिच यससम्बन्धी सम्झौतामा आज हस्ताक्षर भयो।

सम्झौताअनुसार त्रिवि र पेइचिङ फरेन स्टडिजबिच विद्यार्थी, प्राध्यापक, प्राज्ञिक व्यक्तित्व तथा शैक्षिक प्रशासनका अधिकारी एक अर्कोमा आदानप्रदान गर्नेछन्। दुवै विश्वविद्यालयले आवश्यक ठानेका क्षेत्रमा संयुक्त अनुसन्धानमा सहकार्य गर्ने तथा शैक्षिक सामग्री तथा सूचना आदानप्रदान गर्ने सम्झौतामा उल्लेख छ।

सम्झौता कार्यान्वयनको लागि दुवै विश्वविद्यालयबिच थप गृहकार्य गरिने, सम्झौता कार्यान्वयनसम्बन्धी आर्थिक पक्षमा छुट्टै परामर्श गरिने तथा सम्झौताले नसमेटेका पक्षमा थप परामर्श गरी छुट्टै सम्झौता गर्न सकिने पनि सम्झौतामा उल्लेख छ। सम्झौताको अवधि पाँच वर्षको रहने र दुवै पक्षको लिखित सहमतिपछि नवीकरण हुनेछ।

त्यस अवसरमा पेइचिङ फरेन स्टडिज विश्वविद्यालय परिषद्का अध्यक्ष प्राध्यापक डा. डिङह्वाले सम्झौताले दुई विश्वविद्यालयबिच मात्र नभई नेपाल र चीनबिचकै दौत्य सम्बन्धमा नयाँ आयाम थपेको बताउनुभयो। विश्वका एक सय ८५ देशका प्रमुख विश्वविद्यालयसँग पेइचिङ फरेन स्टडिजले यसप्रकारको सम्झौता गरिसकेको उहाँले बताउनुभयो।

प्राध्यापक डा. डिङह्वाले दुवै विश्वविद्यालयबिच गहन सहकार्यका लागि दुवैका भाषा विभागबिच प्राज्ञिक ज्ञानको आदानप्रदान सुरु गरिनुपर्ने र एकअर्काको देशमा प्रत्यक्ष भ्रमणसमेत सुरु गर्नुपर्ने बताउनुभयो। यसैगरी अनुसन्धानको क्षेत्रमा समेत दुवै विश्वविद्यालयबिच सहकार्य गरिनुपर्ने उहाँको भनाइ थियो।

त्रिवि उपकुलपति बरालले दुई विश्वविद्यालयबिच आ-आफ्नो देशका मौलिक र परम्परागत ज्ञानको आदानप्रदान, नेपाल-चीनबिच सीमावर्ती क्षेत्र अर्थात् हिमाली भेगको प्राज्ञिक अध्ययन र हिमाली क्षेत्रमा प्रख्यात उपचार पद्धति आम्चीको थप विस्तारको लागि प्रयत्न गर्ने पनि सम्झौतामा उल्लेख छ।

त्रिविको मानविकी सङ्कायका डिन प्राध्यापक डा. कुशुम शाक्यले पेइचिङ फरेन स्टडिज विश्वविद्यालय र त्रिविबिच भएको सम्भौता अक्षरश: लागू हुनुपर्नेमा जोड दिनुभयो।

त्यस अवसरमा पेइचिङ फरेन स्टडिज विश्वविद्यालयका तर्फबाट अध्यक्ष डिङह्वा, एसियाली तथा अफ्रिकी अध्ययन स्कुलका अध्यक्ष छु ए, निर्देशक हे जेङ् र त्रिविस्थित स्कुल अफ एसियन स्टडिजका निर्देशक जिङ युन (इन्दिर) लगायतको उपस्थिति थियो। रासस

# ख्वप बचतमा शुभकामना आदानप्रदान कार्यक्रम

भक्तपुर, २७ चैत। ख्वप बचत तथा ऋण सहकारी संस्था लि. को आयोजनामा संस्थापक, सल्लाहकार, सञ्चालक, समिति, उपसमितिका सदस्यहरूबिच सहकारी शिक्षा शिविर तथा नव वर्ष २०८१ को शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले ख्वप साकोसले शेयर सदस्यको हितबाहेक समाजको हितलाई पनि जोड दिनुपर्छ भन्नुभयो।

संस्थाका अध्यक्ष राजकुमार लघुले संस्थाका गतिविधिबारे जानकारी गराउँदै सांस्कृतिक विकासका लागि वैशाख ८ गतेदेखि चारमहिने बाँसुरी बाजा प्रशिक्षण सुरु गर्ने जानकारी गराउनुभयो।

संस्थाका सल्लाहकार कुमार लघुले नियमित बचत गराउन सके संस्थाको चाँडै प्रगति हुन्छ भन्नुभयो।

कार्यक्रममा जिल्ला बचत सङ्घका बालकृष्ण ध्वंजुले सहकारीको मूल्य मान्यता र बचत तथा ऋणबारे प्रशिक्षण दिनुभएको थियो। ख्वप साकोस शिक्षा उपसमितिका संयोजक राजाराम सुवालको सभापतित्वमा सम्पन्न कार्यक्रममा सञ्चालक सचिव लक्ष्मीनारायण सुवाल, शिक्षा उपसमिति सदस्यहरू मुना बासुकला र कृष्णगोपाल आचार्यले पनि बोल्नुभएको थियो।

# दूरसञ्चार क्षेत्रको विकासमा भरपर्दो नीतिगत र कानुनी प्रबन्ध आवश्यक

काठमाडौँ, २७ चैत। दूरसञ्चार क्षेत्रलाई विकासको मेरुदण्डका रूपमा अघि बढाउन सरकार, सेवा प्रदायक र सरोकारवाला निकायको समन्वयमा भरपर्दो नीतिगत तथा कानुनी प्रबन्ध गरिनुपर्नेमा जोड दिइएको छ।

प्रविधि पत्रकार मञ्च (टिजेएफ)ले मङ्गलबार आयोजना गरेको ‘नेपालको दूरसञ्चार क्षेत्रको अवसर र चुनौती’ विषयको अन्तरक्रियामा सहभागीले दूरसञ्चार क्षेत्रका विकासका लागि विशेष योजना ल्याइनुपर्नेमा सरकारको ध्यानकर्षण गराउनुभयो।

पछिल्ला समय दूरसञ्चार सेवाको आम्दानी र राजस्व घटिरहेको अवस्थालाई सरोकारवालाले गम्भीर रूपमा लिनुपर्नेमा जोड दिँदै उहाँहरूले दूरसञ्चार क्षेत्रमा लगानीको उपयुक्त वातावरण निर्माण गरिनुपर्ने बताउनुभयो।

नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारीले गुणस्तरीय सेवा उपलब्ध गराएर सेवा प्रदायकले आम्दानी गर्नेतर्फ ध्यान दिनु आवश्यक हुने बताउनुभयो। राज्यले डिजिटल पूर्वाधारमा लागनी बढाउनुपर्ने र निजी क्षेत्रले सेवा प्रवाहलाई ध्यान दिनुपर्ने उहाँको भनाइ छ। लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले आगामी महिना हुने लगानी सम्मेलनमा सूचना प्रविधिका विशेष परियोजना ‘शो केस’मा राख्ने तयारी गरिएको बताउनुभयो।

नेपाल दूरसञ्चार कम्पनीका प्रबन्ध निर्देशक सङ्गीता पहाडीले दूरसञ्चार क्षेत्रका चुनौतीलाई समाधान गर्न सरकार र नियामक निकायले ध्यान दिनुपर्ने बताउनुभयो। टेलिकम क्षेत्रमा स्वच्छ प्रतिस्पर्धाको पक्षमा नेपाल टेलिकम रहेको उल्लेख गर्दै उहाँले टेलिकमले सहरी क्षेत्र मात्र नभई ग्रामीण भेकमा पनि दूरसञ्चार सेवा दिन क्रियाशील रहेको बताउनुभयो।

**HITACHI AIR CONDITIONERS NOTICE FOR MRP PUBLICATION**

**COMMODITY :** AIR CONDITIONERS
**VENDOR :** JOHNSON CONTROLS-HITACHI AIR CONDITIONING INDIA LTD.
**IMPORTER :** DELIGHT M & E PVT LTD
**ADDRESS :** TOKHA-06, KATHMANDU, NEPAL
**EXIM CODE NO :** 6077172260151NP
**CONTACT NO :** 9861319649

| S.N | AC Model | Country of Origin | MRP RS. |
|---|---|---|---|
| 1 | CONDENSER-8.5 TR DUCTABLE - SCROLL R410a - CCSO102STHCDA3 | INDIA | 321339.00 |

**हार्दिक समवेदना**



जन्म
२०३६/०४/२९

निधन
२०८०/१२/१६

यस सी.टी.एल. फर्मासिटिकल्स प्रा. लि. का कर्मचारी **बालकृष्ण श्रेष्ठ**को स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**नेपाल क्रान्तिकारी औद्योगिक मजदुर संघ**
सी.टी.एल. एकाइ समिति, भनपा-१, भक्तपुर

**कर्मचारी आवश्यकता**

यस नित्यनाथ बचत तथा ऋण सहकारी संस्था लि.को लागि देहायबमोजिमको कर्मचारी आवश्यक भएकोले निम्नलिखित योग्यता भएका इच्छुक महानुभावहरूले यो सूचना प्रकाशित मितिले १५ दिनभित्र संस्थामा आवश्यक कागजपत्रसहित हस्तलिखित आवेदन पेस गर्नुहुन अनुरोध छ।

| क्र.सं | पद | तह | शैक्षिक योग्यता | आवश्यक सङ्ख्या |
|---|---|---|---|---|
| १. | सहायक व्यवस्थापक | ५(पाँचौं) | स्नातक उत्तीर्ण | १ (एक) |

**पुनश्च :** सहकारीमा २ वर्ष अनुभव तथा कम्प्युटरको ज्ञान र ड्राइभिङ लाइसेन्स हुनेलाई विशेष ग्राह्यता।

दर्ता नं ४०९ (२८९) ०६५/०६६
पान नं. ३०२८६७७९६

"आर्थिक विकासका लागि सहकारीता"
नित्यनाथ बचत तथा ऋण सहकारी संस्था लि.
Nityanath Saving & Credit Co-operative Society Ltd.
घट्खा-३, भक्तपुर
फोन नं. ०१-६६१९५८१

## सङ्क्षिप्त समाचार

## गण्डकीका सबै जिल्लामा पाठ्यपुस्तक

गण्डकी, २७ चैत । गण्डकी प्रदेशका ११ वटै जिल्लामा पाठ्यपुस्तकको व्यवस्था भएको छ । जनक शिक्षा सामग्री केन्द्र लिमिटेड पोखरा कार्यालयका अनुसार आउँदो शैक्षिक सत्रका लागि छ लाख आठ हजार छ सय २८ थान पुस्तक बिक्री भइसकेको छ ।

हिमालपारिका जिल्ला मुस्ताङ, मनाङसहित सबै जिल्लामा स्थानीय बिक्रेतामार्फत पाठ्यपुस्तक पुऱ्याइएको थियो । प्रदेशका १० जिल्लामा पोखरा र नवलपुरमा भरतपुर कार्यालयबाट पुस्तक बिक्री हुँदै आएको छ ।

## नहर भत्केपछि जुम्लामा विद्युत् आपूर्ति बन्द

जुम्ला, २७ चैत । जिल्लाको डिल्लीचौर जलविद्युत् आयोजना अवरुद्ध हुँदा स्थानीयवासी अन्धकारमा बस्न बाध्य भएका छन् । विद्युत् उत्पादनका निम्ति जल प्रवाह हुने नहर पहिरोले भत्काएपछि बिजुली आपूर्ति बन्द भएको हो ।

पच्चीस मिटर नहर पहिरोले भत्काएको छ । विद्युत् सहकारीका अध्यक्ष कृष्णबहादुर बुढाले भन्नुभयो, "गत असारमा पहिरो गएपछि नहर चर्किएको थियो । त्यतिबेलादेखि नै नहर मर्मतको पहल भएको हो ।" समयमै मर्मत नभएपछि २४ चैतदेखि पूर्णरूपमा विद्युत् सेवा अवरुद्ध भएको उहाँले जानकारी दिनुभयो ।

भत्केको नहर मर्मत गर्न रु. छ लाख बजेट आवश्यक पर्ने प्राविधिकले बताएका अध्यक्ष बुढाले जानकारी दिनुभयो । विद्युत् अवरुद्ध हुँदा पातारासी पालिकाका-४, ५ र ६ वडाका करिब आठ सय घर विद्युत् सेवाबाट वञ्चित भएका छन् भने गाउँपालिका, वडासहित अन्य सरकारी निकाय, बैङ्क तथा वित्तीय संस्थालाई समस्या भएको छ ।

डिल्लीचौर विद्युत् आयोजनाको नहर मर्मत गर्न पालिकाबाट रु. तीन लाख बजेट विनियोजन भएको छ । तत्काल नहर मर्मत गरेर विद्युत् आपूर्तिको पहल थालिएको पातारासी गाउँपालिका अध्यक्ष पूर्णसिंह बोहराले बताउनुभयो । रासस

## चिनियाँ सहयोगमा चौतारा अस्पतालको पुन: निर्माण सम्पन्न

चौतारा (सिन्धुपाल्चोक), २७ चैत । चीन सरकारको सहयोगमा चौतारा अस्पताल पुन:निर्माण भएसँगै सिन्धुपाल्चोकका नागरिकले अब भरपर्दो उपचार गर्न जिल्ला बाहिर जानुपर्ने बाध्यता हटेको छ । सदरमुकाम चौतारामा ३९ शय्याको सुविधासम्पन्न अस्पताल निर्माण भएपछि उपचारका निम्ति अन्यत्र जानुपर्ने बाध्यता हटेको हो ।

भूकम्पले भग्नावशेषमा परिणत भएको अस्पताल भवन ६ करोड १० लाख चिनियाँ युआनमा निर्माण पूरा भएको 'चाइना एड सिन्धुपाल्चोक हस्पिटल रिकभर प्रजेक्ट इन नेपाल' का प्रमुख गुओ बाओचेङले बताउनुभयो । चाइना चियुयान इन्जिनियर कर्पोरेसन र सियान सिफाङ कन्स्ट्रक्सन सुपरभिजन कम्पनी लिमिटेडको मुख्य व्यवस्थापनमा चिनियाँ कम्पनी हेवेई कन्स्ट्रक्सन ग्रुपले उक्त भवन तयार पारेको हो ।

अस्पताल भवनको भुइँतलामा फार्मेसी, दर्ता शाखा, परामर्श कक्ष, फिजियोथेरापी , पोषण, भान्सा, बहिरङ्ग बिरामी कक्ष, बालबालिका कक्ष, प्रयोगशाला, आकस्मिक कक्ष, नर्सिङ स्टेशन, ड्रेसिङ रुम, एक्सरे र भिडियो एक्सरे कक्ष तयार भएका छन् । त्यसैगरी, भ्याक्सिनेसन सेन्टर, पुलिस अफिस फायर कन्ट्रोल सेन्टर, क्षयरोग र एड्स उपचार कक्ष तयार भएका छन् । भुइँतलामै चार सय ५० केभीको जेनेरेटर र 'मेडिकल वेस्ट वाटर प्रोसेसिङ' उपकरण जडान गरिएका छन् । रासस

## उम्मेदवारको अन्तिम नामावली प्रकाशन, चुनाव चिह्न प्रदान

इलाम, २७ चैत । आगामी वैशाख १५ गते हुने इलाम क्षेत्र नं २ को उपनिर्वाचनको लागि उम्मेदवारको अन्तिम नामावली प्रकाशन र चुनाव चिह्न वितरण गरिएको छ ।

कार्यतालिकाअनुसार चैत २८ देखि वैशाख १२ सम्म प्रचारप्रसारका लागि समय तोकिएको छ भने वैशाख १५ बिहान सातदेखि साँझ पाँच बजेसम्म मतदानको लागि समय तोकिएको छ । उपनिर्वाचनका लागि २० उम्मेदवारले मनोनयन दर्ता गराएका छन् । बाह्र दल र आठ स्वतन्त्र उम्मेदवारले उम्मेदवारी मनोनयन गराएको आयोगले जनाएको छ ।

(माओवादी केन्द्र) र नेपाल कम्युनिस्ट पार्टीले साझा उम्मेदवारका रूपमा एमालेका सुहाङ नेम्वाङलाई मैदानमा ल्याएका छन् । नेपाली काङ्ग्रेसबाट डम्बरबहादुर खड्का, राष्ट्रिय स्वतन्त्र पार्टीले मिलनकुमार लिम्बू तथा पहिचान पक्षधरतर्फबाट डकेन्द्रसिंह थेगिमले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् ।

जनमत पार्टीका प्रेमबहादुर लिम्बू, नेपाल मजदुर किसान पार्टीका श्यामबहादुर दर्जी, मङ्गोल नेसनल अर्गनाइजेसनका मनीबहादुर लिम्बू, नेसनल रिपब्लिक नेपालका धनराज रानामगर, राष्ट्रिय प्रजातन्त्र पार्टीका लक्ष्मी गुरुङ, ( एकीकृत समाजवादी) बाट जितबहादुर राई उम्मेदवार बन्नुभएको छ ।

राष्ट्रिय मुक्ति आन्दोलन नेपालका जयवन्तविक्रम साह, राप्रपा नेपालका गणेशबहादुर चौहान, नेपाली जनता दलका रेशमबहादुर सुनार नेपालीले उम्मेदवारी दर्ता गराउनुभयो । स्वतन्त्रबाट डाकप्रसाद गौतम, मनोज निरौला, अर्जुनकुमार साही, केशवकुमार चापागाईं, दीपेश बोहोरा, योगेन्द्र गुरुङ र राज बस्यालले उम्मेदवारी दर्ता गराएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।



**कागबेनी र निलगिरि हिमाल**
मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ मा रहेको धार्मिक पर्यटकीय स्थल कागबेनी र पृष्ठभूमिमा देखिएको निलगिरि हिमाल । गत असारमा कागखोलामा आएको बाढीले क्षति गरेको कागबेनी पुन:निर्माणको पर्खाइमा छ । *तस्बिर: सन्तोष गौतम/रासस*

## प्रथम अन्तरप्रदेश बक्सिङ प्रतियोगिता उद्घाटन

चितवन, २७ चैत । प्रथम अन्तरप्रदेश खेलकुद प्रतियोगिताअन्तर्गत बक्सिङ प्रतियोगिताको नेपाल बक्सिङ महासङ्घका अध्यक्ष राम अवालेले टेक्निकल संयोजक सविन भट्टाचार्यलाई ग्लोब हस्तान्तरण गरी उद्घाटन गर्नुभयो ।

प्रमुख अतिथि राम अवालेले प्रतियोगिताले बक्सिङ खेललाई फड्को मार्ने बताउँदै दसौँ राष्ट्रिय खेलकुद प्रतियोगितालाई टेवा पुग्ने बताउनुभयो ।

बक्सिङ प्रतियोगिता प्रदेश खेलकुद विकास परिषद् वाग्मती प्रदेशका सदस्य एवम् वाग्मती प्रदेश बक्सिङ सङ्घका अध्यक्ष धनकुमार मैनालीको संयोजकत्वमा भएको थियो ।

पुरुषको ४८ केजी तौल समूहमा लुम्बिनी प्रदेशका विवेश बुढामगरले मधेसका रोहित माझीलाई आरएससी आवट क्लासमा पराजित गरे । ५१ केजीमा कर्णालीका लक्ष्मण राईले गण्डकीका रोकी गुरुङलाई आरएससी आवट क्लासमा पराजित गरे । ५७ केजीमा लुम्बिनीका मनसुब बस्नेतलाई कर्णालीका प्रबल उप्रेतीले युनिनमसको आधारमा जित हासिल गरे । ६३ केजीमा कोशीका एक्लिस शाहीले गण्डकीका अनिज गुरुङलाई आरएससी आवट क्लासमा पराजित गरे । ७१ केजीमा गण्डकीका निशान गुरुङले कर्णालीका दिलराज भण्डारीलाई आरएससी आवट क्लासमा पराजित गरे भने ७५ केजीमा कर्णालीका सञ्जीप हमाललाई गण्डकीका टार्जन धर्तिमगरले आरएससी आवट क्लासमा जित हासिल गरे ।

त्यस्तै, ४८ केजीमा कर्णालीका मोहन गुरुङले कोशीका फुङ्लाङ्ग कम्बाङ्ग्लाई युनिनमसको आधारमा जित हासिल गरे । सुदूरपश्चिमका सन्दिपनाथलाई वाग्मतीका रविन थापाले आरएससी आवट क्लासमा जित हासिल गरे । त्यस्तै, ५१ केजीमा सुदूरपश्चिमका चिरञ्जीवी खड्कालाई कोशीका युपेन राईले स्पिलिट डिसिजनको आधारमा जित हासिल गरे । त्यस्तै, मधेसका सोनाम लामालाई लुम्बिनीका भरत पुनमगरले युनिनमस डिसिजनको आधारमा जित हासिल गरे । त्यस्तै, ५४ केजीमा गण्डकीका महेन्द्र गुरुङलाई कोशीका डम्बरबहादुर श्रेष्ठले युनिनमस डिसिजनको आधारमा जित हासिल गरे भने सुदूरपश्चिमका पद्मबहादुर कुवँरलाई कर्णालीका जीवनकुमार पुनले युनिनमस डिसिजनको आधारमा जित हासिल गरे । त्यस्तै, ५७ केजीमा मधेसका प्रतीक दानुकेलाई कोशीका बलबहादुर पुनले युनिनमस डिसिजनको आधारमा जित हासिल गरे भने सुदूरपश्चिमका जीवनचन्दलाई वाग्मतीका निरञ्जन मोक्तानले युनिनमस डिसिजनका आधारमा जित हासिल गरे । त्यस्तै, ६० केजीमा कोशीका सिद्धवीर लिम्बुले वाग्मतीका समर लामालाई युनिनमस डिसिजनको आधारमा पराजित गरे । त्यस्तै, सुदूरपश्चिमका रामबहादुर थापालाई गण्डकीका निश्चल गुरुङले युनिनमस डिसिजनको आधारमा जित हासिल गरे । त्यस्तै, ६३ केजीमा कर्णालीका हिक्मतजङ्ग शाहीलाई वाग्मतीका सोहन राईले आरएससी आवट क्लासमा जित हासिल गरे भने सुदूरपश्चिमका महेन्द्र चन्दले मधेसका विकल्प राईलाई युनिनमस डिसिजनको आधारमा जित हासिल गरेको वाग्मती प्रदेश बक्सिङ सङ्घका सचिव रामकृष्ण प्रजापतिले बताउनुभयो ।

## महाकाली करिडोर: बजेट अभावमा योजना सुस्त

महेन्द्रनगर (कञ्चनपुर), २७ चैत । नेपाल-भारत र चीनसित नाका जोड्ने योजनासहित निर्माणाधीन महाकाली करिडोरको काम बजेट अभावले सुस्त भएको छ ।

कञ्चनपुरदेखि दार्चुलाको तिङ्करसम्म जोड्ने करिडोरअन्तर्गत साना र ठूला गरी २० खण्डमा ठेक्का लगाइ काम गरिएको थियो । महाकाली करिडोर दार्चुला तिङ्कर सडक योजना कार्यालयले बजेट अभावका कारण काम सकेर पनि रकम भुक्तानी गर्न नसकेको जनाएको छ ।

कार्यालयका प्रमुख लक्ष्मणदत्त जोशीले गत माघको अन्तिम सातादेखि बजेट अभावले काम प्रभावित भएको बताउनुभयो । चालु आर्थिक वर्षमा सरकारले विनियोजन गरेको रु. २९ करोड ६५ लाख बजेट गत माघमै सकिएको प्रमुख जोशीले जानकारी दिनुभयो ।

"गतवर्ष रु ४० करोड बजेट हुँदा पनि त्यो सकिने बित्तिकै तत्काल माथिबाट बजेट थप भएको थियो," उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षमा बजेट कम थियो, त्यसमाथि पनि बजेट माग गर्दा आएको छैन् ।" उहाँले योजनाका लागि अर्थ मन्त्रालयमा बजेट माग गरिएको बताउनुभयो ।

माघ महिनायता निर्माण कम्पनीहरूले काम गरेबापतको रु १६ करोड रकम भुक्तानी बाँकी रहेको प्रमुख जोशीले बताउनुभयो । उहाँले माथिबाट बजेट आउने सुनिश्चितता नभएको बताउनुभयो । तीन सय १३ किलोमिटर लम्बाइ रहेको महाकाली करिडोर अन्तर्गत दार्चुलाको तुसारपानीदेखि तिङ्करसम्मको ७९ किलोमिटर खण्ड नेपाली सेनाले निर्माण गरिरहेको छ ।

त्यसैगरी दुई सय ४५ किलोमिटर करिडोरको ट्र्याक खुलिसकेको प्रमुख जोशीले जानकारी दिनुभयो । "ट्र्याक खुलाउने, सडक स्तरोन्नति गर्ने र कालोपत्रे गर्ने कामहरू एकसाथ अघि बढेको छ," जोशीले भन्नुभयो, "कञ्चनपुरको ब्रह्मदेव क्षेत्रमा पर्ने ११ किलोमिटर ट्र्याक मात्रै खुलेको छ । त्यहाँ सडक चौडा गर्ने अरू संरचना निर्माण बाँकी छ ।"

करिडोर योजनाअन्तर्गत डडेल्धुरामा ५८ किलोमिटर, बैतडीमा एक सय ४४ र दार्चुलामा सेनाले निर्माण गरिरहेको बाहेक एक सय २१ किलोमिटर सडक पर्छ । २०६५/६६ सालमा दार्चुला-तिङ्कर सडक योजनाबाट सुरु भएको करिडोरलाई त्रिदेशीय नाकाका रूपमा विकास गर्ने अवधारणासहित २०७७/७८ सालमा कञ्चनपुरसम्म जोडिएको हो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य जङ्गबहादुर मल्लले करिडोरको काम बजेट अभावले प्रभावित हुनु दुखद् भएको बताउनुभयो । "त्रिदेशीय नाकाका रूपमा अघि बढेको योजनालाई थप सहयोग गर्न महाकाली नदीमा चार लेनको पुल बनिसक्यो," मल्लले भन्नुभयो, "रणनीतिक रूपले महत्व बोकेको करिडोरको बजेट अभावको विषयमा सरकारको ध्यान जानुपर्छ ।"

उहाँले पुलसँगै दोधारा चाँदनी सुख्खा बन्दरगाहको काम पनि तत्काल अघि बढ्नुपर्ने बताउनुभयो ।

## टोखामा ऐतिहासिक महत्त्वको बिस्का जात्रा सुरु

काठमाडौँ, २७ चैत । ऐतिहासिक, धार्मिक र पुरातात्त्विक महत्त्व बोकेको टोखामा बिस्का नख: (जात्रा) मनाइने भएको छ ।

चैत मसान्तदेखि वैशाख ४ गतेसम्म पाँच दिन बिस्का नख: मनाउन लागिएको हो ।

पाँच दिनसम्म मनाइने बिस्का जात्राको लिङ्गो ठाउइसकिएको छ । उक्त लिङ्गो जात्रा सकिएपछि वैशाख ५ गते ढालिन्छ ।

सपनतीर्थ मन्दिर परिसरमा गौमुखी र बहुमुखी खोला थुनेर निर्माण गरिएको सिद्धपोखरीमा भक्तजनले नयाँ वर्ष सुरु हुँदै गर्दा वैशाख १ गते एकाबिहानै नुहाउने गर्दछन् । मसान्तको दिन साँझ सपनविनायकको रथ, चण्डेश्वरीको रथ र मसानकालीको रथ 'जाली चो' का रूपमा बाजागाजासहित जात्रा गरी इन्द्रायणी दाफा खल:ले मूल नाइके बहाल गरी रथ आ-आफ्नो मन्दिरमा लैजान्छन् ।

नयाँ वर्षकै दिन साँझ ६ बजे आ-आफ्नो मन्दिरबाट गाउँमा रथ ल्याउने र गाउँ परिक्रमा गरी सपनविनायकको रथ यलाग: टोलमा, चण्डेश्वरीको रथ थलाग: टोलमा र मसानकालीको रथ भूतखेलमा बिसाइने छ । वैशाख २ गते बिहान तीन वटै रथ गाउँ परिक्रमा गरेर मसानकालीको रथ भूतखेलको पाटीमा बिसाइन्छ । सोही दिन साँझ गाउँ परिक्रमा गरी साँझ ७ बजे सबै रथ तपलाक्षी:मा बिसाइन्छ ।

वैशाख ३ गते बिहान ७ बजे तपलाक्षीबाट सिन्दूरजात्रा गरी देवता उठाएर गाउँ परिक्रमा गरिन्छ । सोही दिन बिहान ११ बजे हासल टोलमा सबै रथ बिसाइन्छ । सोही दिन अपराह्न ३ बजे तलेजु गुठीबाट जीवित गणेश कुमारीसहित पूजा ल्याएर सिन्दूरजात्रा गरी सरस्वती र महादेवको रथबाहेक अन्य रथ पोखरीमा चोख्याउनका लागि लगिन्छ । मसानकालीको मन्दिर र गाउँको परिक्रममा गरी कोनेलाक्षी:मा बिसाइन्छ ।

जात्राको अन्तिम दिन वैशाख ४ गते बिहान ६:३० बजे सिन्दूरजात्रा गरी बाजागाजासहित गाउँ परिक्रमा गर्न लगिन्छ र बिहान ११ बजेतिर गच्छे टोलमा बिसाइन्छ । सोही दिन अपराह्न ३ बजे तलेजु गुठीबाट जीवित गणेश कुमारीसहित पूजा ल्याएर सिन्दूरजात्रा गरी सबै रथ कपडा बिच्छ्याइ गाउँ परिक्रमा गरी आ-आफ्नो देवी घरघरमा भित्र्याइन्छ । त्यसबाट जात्रा समापन हुन्छ । वैशाख ५ गते बिहान ६:३० लिङ्गो ढाली जात्रा बिसर्जन हुन्छ ।

। सम्पादकीय ।

# दलगत स्वार्थले प्रदेश सरकार गठनमा भाँडभैलो

विदेशी शक्ति राष्ट्रहरूको पक्षपोषण गर्ने र उनीहरूको उठबसमा बस्ने देशघाती पार्टीहरूले देश र जनताको हित हेर्दैनन् भन्ने कुरा एकपछि अर्को घटनाक्रमले पुष्टि हुँदै छ। देशमा बहुदलीय प्रजातन्त्र पुनः स्थापना भए यता सत्तामा पुगेका पार्टीहरूले न निर्वाचन घोषणापत्रअनुसार काम गरे न त प्रतिबद्धता गरेअनुसार काम गरे। शासकहरूले इमानपूर्वक राजनीति गरेका भए, आश्वासन र घोषणापत्र कार्यान्वयन गरेका भए न देशमा राजनीतिक अस्थिरता उत्पन्न हुन्थ्यो न त प्रजातन्त्र, गणतन्त्र र राजनीतिप्रति नै जनतामा वितृष्णा हुन्थ्यो। शासकहरूको अदूरदर्शिताको कारण देशमा राजनीतिक सङ्कट, आर्थिक सङ्कट मात्र देखिएको होइन राजनीतिमा विकृत देखियो। यसकारण देशका सच्चा कम्युनिस्ट पार्टी र देशभक्त जनताले पुँजीवादी छलछाम र कम्युनिस्टको नाममा कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार भुल्ने नक्कली कम्युनिस्टहरूको गलत कार्यको जनतामाझ उदाङ्ग्याउनुपर्छ। पुँजीवादी व्यवस्थामा हुने षड्यन्त्रको भ्रमजाल च्यात्नुपर्छ।

देशघाती र भ्रष्ट आचरणका नेताहरू देश र जनतालाई लुटेर परिवार र आसेपासेलाई पोस्ने मन्त्री र सांसदहरू, कमिसनको प्रलोभनमा परेर, चाकडी गरेर कसैको सरुवा र बढुवाको लागि मन्त्रालय धाउने व्यक्तिहरूलाई पनि जनतामाझ उदाङ्ग्याउनु जरुरी छ। पार्टीको सिद्धान्त, विचार, जनताको विश्वास, मानवोचित विवेक र देशको स्वाधीनता र सार्वभौमिकताको ख्याल नगर्ने शासक, नेता र मन्त्रीहरूको पनि चिरफार गर्नु जरुरी छ। सिद्धान्त र विचार थाती राखेर मन्त्री पाउन सरकारमा जान पल्केका दलका नेताहरूको अस्थिर मन र स्पष्ट अडान नभएका कारण प्रदेश सरकार गठनमा भाँडभैलो मच्चिरहेको छ। चैत २७ गतेको विभिन्न पत्रपत्रिकामा लेखियो, "उपनिर्वाचन र राष्ट्रियसभा उपाध्यक्ष चुनावमा पाँच दल पाँचतिर', 'कोसीमा नयाँ सरकार कि मध्यावधि', 'सर्वदलीय बैठक निष्कर्षविहीन', 'अन्योलमा कोसी प्रदेश सरकार।' वर्तमान गठबन्धन या सत्ता समीकरणका नेताहरू पनि कुण्ड कुण्ड पानी मुन्द मुन्द बुद्धि भनेझैँ आ-आफ्नो तालमा लागेको देखियो।

सरकार ढाल्न र बनाउन पल्केका शासक र ठुला दलका नेताहरूको कारण संसद् बैठक पनि चल्न सकेन। विगतमा एमालेले पनि मन्त्रीहरूको राजीनामा माग गर्दै संसद् अवरुद्ध गरेको थियो भने अहिले नेकाले गृहमन्त्रीको राजीनामा माग गर्दै संसद् अवरुद्ध गर्‍यो। पालैपालो सरकारको नेतृत्व गर्ने यो पुँजीवादी कसरतले गर्दा देशमा राजनीतिक अस्थिरता निम्तियो, विकास योजना अगाडि बढाउन सकिएन। यसले देशमा बेरोजगारी सङ्ख्या बढ्यो। नेपाली युवाहरू जीवनको जोहो गर्न बिदेसिए। पञ्चायतकालमा जनताको राजनीतिक र मौलिक अधिकार खोसिएको थियो, मौलिक अधिकार कुण्ठित थियो। अहिले प्रजातन्त्र र गणतन्त्र स्थापना भए पनि राजनीतिक र मौलिक अधिकार भए पनि, त्यसलाई जीवन पद्धतिको रूपमा विकास गरिएन। स्वतन्त्रता र अधिकारको हवाला दिएर शासकहरू दलगत र व्यक्तिगत स्वार्थमा लागे, सिद्धान्त र विचार बन्धक राखेर भागबन्डामा लागे। नयाँ सरकार गठन लगत्तै सार्वजनिक गरिएका साझा सङ्कल्पहरूमाथि उनीहरूले कुल्चन थाले। देशका शासकहरूको यो दुर्दशा देखेर नेपाली जनता निरास छन्, वाक्कदिक्क भएका छन्। उनीहरूले भन्न थालेका छन्, जुन जोगी आए पनि कानै चिरेका।

शासक दलका नेताहरूमा राजनीतिक नैतिक र प्रजातान्त्रिक चरित्र पनि देखिएन। कुर्सी जोगाउने र ढाल्ने खेलमै नेता र मन्त्रीहरूको धेरै समय खर्चियो। नयाँ सत्ता समीकरणमा सामेल दलका नेताहरू एकले अर्कोलाई विश्वास गर्दैनन्, एकले अर्काको खुट्टा तान्ने र आफू अगाडि बढ्ने कुत्सित प्रयास गर्छन्। नेताहरूले सिद्धान्त र विचारको राजनीति नगर्दाको कारण बेथिति देखिएको हो। ती दलका नेताहरूले आफ्ना कार्यकर्ता र जनतालाई सिद्धान्तनिष्ठ बनाउने काम गरेनन्। राजनीतिकरूपले सचेत र सङ्गठित गर्ने काम गरेनन्। राजनीतिलाई कमाउ खाने भाँडा बनाएपछि, पैसा र बल या शक्तिलाई सबथोक ठानेर सिद्धान्त र विचारलाई तिलाञ्जली दिएपछि देश कसरी बन्छ ? शासकहरूले उचित मार्ग निर्देश गर्न सकेनन् भने देशको विकास कसरी हुन्छ ? अनि देश परनिर्भर हुँदैन ?

# २०४६ सालको आन्दोलन, जनअपेक्षा र परिणाम

✍ विवेक

२०४६ चैत २६ गते नेपालको राजनैतिक इतिहासमा एउटा महत्त्वपूर्ण दिन थियो। ३० वर्षसम्म निर्दलीयताको नाउँमा पञ्चहरूको एकदलीय शासनबाट जनताले मुक्तिको श्वास फेरेका दिन थियो त्यो। निरङ्कुश पञ्चायती व्यवस्थामा दलहरू प्रतिबन्धित थिए। जनताले कुनै राजनैतिक गतिविधिमा भाग लिन पाउँदैनथे। पञ्चायतको विरोध गर्नेहरूले जेलको सजाय भोग्नुपर्थ्यो। प्रतिबन्धित अवस्थामा पनि दलहरूले जनताको मौलिक र राजनैतिक अधिकारहरूको लागि निरन्तर सङ्घर्ष गरे। 'फूट गर र राज गर' को नीतिअनुसार पञ्चहरूले शासन गरिरहेका थिए। २०३६ सालको आन्दोलन २०३७ सालमा जनमतसङ्ग्रहमा टुङ्गिएको थियो भने २०४२ सालमा सुरु भएको शान्तिपूर्ण आन्दोलन रामराजाप्रसाद सिंहले गरेको बमकाण्डको कारण स्थगित गर्नुपरेको थियो। पटक पटक असफल र हन्डर खाँदै जनआन्दोलन नयाँ नयाँ रूपमा अगाडि बढ्दै थियो। संयुक्त वाममोर्चा र नेकाको संयुक्त आन्दोलनको बलमा २०४६ सालको परिवर्तन सफल भएको हो।

आन्दोलनको क्रममा नेताहरूले प्रधानमन्त्री नियुक्त भए। आन्दोलन चर्को रूपमा अगाडि बढ्दै गयो। चैत २६ गते तत्कालीन राजा वीरेन्द्रले बहुदलको घोषणा गरे र निर्विकल्प भनिएको पञ्चायती व्यवस्थाको विकल्प बहुदलीय व्यवस्था पुनःस्थापना भयो।

त्यतिबेला राजनैतिक दलका नेताहरूप्रति जनताको ठुलो विश्वास थियो। जनताको स्वतन्त्रताको निम्ति धेरै नेताहरूले जेलनेल भोगे, प्रवास जीवन बिताए र लामो समय भूमिगत जीवन बिताए। ती नेताहरूको निर्देशनलाई शिरोधार्य गर्दै कार्यकर्ताहरू अगाडि बढ्थे। देशमा परिवर्तन ल्याउनेबाहेक नेता कार्यकर्ताको कुनै व्यक्तिगत स्वार्थ देखिँदैनथ्यो। देश र जनताको निम्ति योगदान गर्नमा एक प्रकारको प्रतिस्पर्धा नै हुन्थ्यो। राजनैतिक कार्यकर्ताहरू क्षमताअनुसार कार्य गरेर समाजलाई अगाडि बढाउन मरीमेटी लाग्थे। पार्टी निर्देशन आएमा कुनै पनि बेला घर छोड्न, जागिर त्याग्न र जेल जान तथा मर्नसमेत तयार हुन्थे।

बहुदलीय व्यवस्था पुनःस्थापनापछि दलहरू आआफ्नो बाटो लागे। नेका र एमाले मुख्य दलहरू थिए। वामपन्थीहरूको शक्ति पनि राम्रै थियो। पञ्चायती व्यवस्थाविरुद्ध कठोर सङ्घर्ष गर्ने नेताहरू सत्तामा पुगेपछि जनताको जीवनस्तर उठाउनुभन्दा पहिले जेल, भूमिगत र प्रवास जीवन बिताएको वर्ष, महिना र दिनको समेत हिसाब गरेर राज्य कोष ब्रह्मलुट गर्न थाले। कोही कोही नेताहरूले भन्न थाले- 'जोगी बन्न राजनीति गरेको होइन।'

सरकारमा गएको केही वर्षभित्रै कुनै पेसा व्यवसाय नभएका नेताहरूले काठमाडौँमा जग्गा जोडेर घर बनाए, करोडौँको गाडी चढे र करोडौँ बैङ्क ब्यालेन्स राख्न सक्ने भए। जनताको जीवनमा कुनै किसिमको सुधार आएन। जनताको आलोचना नेताहरूले सुन्न छाडे। राजनीतिमा बिस्तारै अपराधीहरू छिर्न थाले। अपराधलाई राजनीतीकरण र राजनीतिलाई अपराधीकरण गर्न थालियो र राजनीतिप्रति जनताको वितृष्णा सुरु भयो।

२०५२ सालदेखि सशस्त्र सङ्घर्षमा लागेका माओवादीहरू पनि २०६२ सालमा शान्ति प्रक्रियामा आए। नेका र एमालेको विकल्पको रूपमा नेपाली जनताले माओवादीलाई देखे। १० वर्षसम्म सशस्त्र सङ्घर्ष गरेर आएकाहरूले केही परिवतन गर्ने जनताको





ठुलठुला आश्वासनहरू दिए र बहुदल पुनःस्थापनापछि जनताका इच्छा आकाङ्क्षाहरू सबै पूरा हुने सपना बाँडेका थिए। त्यतिबेलै नेमकिपाका अध्यक्ष रोहितले भन्नुभएको थियो, "बहुदलको एक चम्चा पानीले जनताको प्यास मेटिनेछैन।"

२०४६ सालको जनआन्दोलनमा नेमकिपाका धेरै नेता कार्यकर्ताहरू जेलमा थिए। २०४५ सालमा राज्यस्तरबाट रचिएको भक्तपुर काण्डमा धेरै नेता तथा कार्यकर्ताहरू फसाइएको थियो। धेरै नेता र कार्यकर्ताहरू भूमिगत भएर पञ्चायती व्यवस्थाविरुद्ध निरन्तर सङ्घर्षमा थिए। २०४६ साल फागुन ७ गतेबाट जनआन्दोलन सुरु भएकोमा फागुन ८ गते भक्तपुरमा भएको प्रदर्शनमाथि प्रहरीले गोली चलाए। दोस्रो विश्वयुद्धमा समेत प्रतिबन्धित डमडम गोली प्रहारबाट ४ जना युवाहरूले शहादत प्राप्त गरे भने धेरै घाइते भए। त्यसले जनआन्दोलनमा ऊर्जा थप्यो। आन्दोलनको आगो देशैभरि फैलियो। २४ चैतको दिन जनआन्दोलनले उत्कर्ष रूप लियो।

२०४५ सालका काण्डमा 'का. रोहितलाई फाँसी देऊ' भनी सडकमा उत्रेर नारा लगाउने प्रधानमन्त्री मरिचमान सिंहको जनताले सडकबाटै फाँसीको माग गरे र चैत २४ गते प्रधानमन्त्री सिंह राजीनामा दिन बाध्य भए। उनको ठाउँमा लोकेन्द्रबहादुर चन्द त्यतिबेला नेमकिपाका अध्यक्ष रोहितले कम्युनिस्टहरू पुँजीवादी सरकारमा जान नहुने, जनआन्दोलन सशक्तरूपमा अगाडि बढाउनुपर्नेमा जोड दिनुभएको थियो। उहाँले आन्दोलनलाई निरन्तर अगाडि बढाई सोभियत सङ्घको फेब्रुअरी क्रान्तिसँग जोड्नुपर्नेमा बल गर्नुभएको थियो। सन् १९१७ को फेब्रुअरी क्रान्तिपछि सोभियत सङ्घमा करेन्स्कीको नेतृत्वमा पुँजीवादी सरकार गठन भयो। लेनिनको नेतृत्वमा समाजवादी क्रान्ति अगाडि बढ्यो र अक्टोबर क्रान्ति सफल भयो। सामन्तवादको अन्त्य भएको र पुँजीवादी सरकारले जरा गाडिनसकेको अवस्थामा समाजवादी क्रान्ति अगाडि बढाउनु उपयुक्त हुने नेमकिपाको दृष्टिकोण थियो। एमाले र मार्क्सवादीहरू कृष्णप्रसाद भटराई नेतृत्वको पुँजीवादी सरकारमा गए। सरकारमा भएका एमाले र नेका पार्टीभित्र जेल हाल्नुपर्ने, सम्पत्ति जफत गर्नुपर्ने र मृत्युदण्ड दिनुपर्नेहरूसमेत सुरक्षा खोज्दै पसे। लाखौँ पञ्चहरू कोही काङ्ग्रेस भए त कोही एमाले। पछि पूर्वपञ्चहरूको छुट्टै पार्टी गठनपछि पञ्चहरू सङ्गठित भए। परिणाम २०५१ सालसम्म आइपुग्दा १९ सीट भएको राप्रपाका नेताहरू नेकाको समर्थनमा सूर्यबहादुर थापा र एमालेको समर्थनमा लोकेन्द्रबहादुर चन्द पालै पालो प्रधानमन्त्री भएर बहुदलवादीहरूमाथि शासन गरे। पद र पैसामा लिप्त स्वार्थी नेताहरूप्रति जनविश्वास घट्दै गयो।

आशा थियो। २०६४ सालको संविधानसभा निर्वाचनमा एक्लै लडेर पनि प्रत्यक्षतर्फ ५० प्रतिशत सीट जितेर प्रतिनिधिसभाको पहिलो पार्टी बन्यो तर माओवादीहरू पनि पद र पैसाको निम्ति नेका र एमालेकै पदचापमा हिँडे। शासन सत्तामा पुगेका नेताहरूले देश र जनताको भन्दा आफ्नो व्यक्तिगत स्वार्थलाई प्राथमिकतामा राखेको कारण देशको सङ्कट गहिरिँदै गयो। अहिले नेका, एमाले र माओवादी तीनवटै दलहरू पालैपालो सरकारमा गएर शासन र शोषण गर्दै छन्। ती पार्टीहरू सिद्धान्त र विचारअनुसार चलेनन्। राजनीतिलाई उनीहरूले सेवाभन्दा व्यापारमा रूपान्तरण गरे। छिटो पैसा कमाउन राजनीति गर्नुपर्ने जस्ता सोचकै कारण राजनीति विकृत हुँदै गयो।

**जनअपेक्षा**

निरङ्कुशताको अन्त्यसँगै रोजगारी, शिक्षा, स्वास्थ्य सहजरूपमा उपलब्ध हुने र समाजको आर्थिक स्तर वृद्धि जनताको अपेक्षा थियो। २०७२ सालमा नयाँ संविधान घोषणासँगै सरकारबाट समाजवादउन्मुख कामको आशा गर्नु स्वाभाविक थियो। कम्युनिस्ट पार्टीहरूको सरकारबाट उत्पादनका साधनहरू क्रमशः सामाजिकीकरण हुने, व्यक्तित्व विकासमा समान अवसर, योग्यताअनुसार काम र कामअनुसार ज्यालाको व्यवस्थाको आशा गर्नु पनि अन्यथा थिएन। तर, त्यो सपनामा मात्रै सीमित भयो। नेताहरू निर्वाचनमा करोडौँ खर्च गरेर जित्ने, जसरी पनि मन्त्री बन्ने र मन्त्री भएपछि सात पुस्ताको लागि सम्पत्ति जोर्नेतिर लागे। अपराधीहरूलाई समेत निर्वाचनमा टिकट दिएर जिताउन पनि पछि परेनन्। हिजो नेताहरूको घर घरमा गएर सुरक्षित हुने अपराधीहरू अहिले आफैँ सांसद र मन्त्री बनेर सम्मान खाइरहेका छन्। यही अहिलेको विडम्बना हो।

**परिणाम**

राजनैतिक दलहरूले सिद्धान्त र विचार त्यागेपछि अनैतिक गठबन्धन गरेर चुनाव लड्ने, निर्वाचन जितेपछि अर्कोसँग गठबन्धन गरी सरकार बनाउनेजस्ता हदैसम्मको अवसरवादी र अनैतिक चरित्र प्रदर्शन गरे। पछिल्लो समयको मात्रै कुरा गर्ने हो भने २०७९ सालको संसदीय निर्वाचनमा नेका र माओवादी गठबन्धन गरेर चुनाव लडे। निर्वाचन सम्पन्न भएको ३ महिनापछि प्रधानमन्त्री निर्वाचनसम्ममा एमाले, माओवादी गठबन्धन सरकार बन्यो। पछि २०८० फागुन २१ गते पुनः एमाले माओवादीकै गठबन्धन सरकार बन्यो र अहिले चलिरहेको छ। यो कति दिन चल्छ अनिश्चित छ।

देशमा राजनैतिक अस्थिरताको कारण दैनिक हजारौँ युवाहरूले देश छोड्दै छन्। वर्षको ८ लाखभन्दा बढी युवाहरू श्रम स्वीकृति लिएर विदेश जाने र १ लाख १० हजारभन्दा बढीले उच्च शिक्षा पढ्न देश छोड्ने गरेको तथ्याङ्क छ। अझ यो वर्ष ८ महिनामा ८५ हजार विद्यार्थी देश बाहिर पढ्न जान नो अब्जेक्सन लेटर लिएको खबरले देशको कहालिलाग्दो शैक्षिक स्थिति प्रस्ट हुन्छ।

व्यापार घाटा चुलिँदै छ। देशमा विदेश निर्यात गर्ने कुनै किसिमको वस्तु उत्पादन छैन, हरेक वस्तु विदेशीको भरमा बाँच्नुपर्ने अवस्था छ। १६-१७ खर्ब वार्षिक बजेट भएको देशमा २४ खर्ब ऋण छ। सियोदेखि हवाईजहाजसम्म सबै वस्तु आयात गर्नुपर्ने बाध्यता छ। दाल, चामल, तरकारीलगायत कृषिप्रधान देशमा कृषि उपज वस्तुसमेत वार्षिक खरबौँको आयात गर्नुपर्ने अवस्था आउनु भनेको देशको आर्थिक टाट पल्टिने सङ्केत हो। बैङ्कमा रहेको पुँजी परिचालन हुन सकेको छैन। साढे ६ खर्ब लगानी योग्य पुँजी बैङ्कमा थुप्रिएको छ भने ३१ हजार सहकारीमा झन्डै ५ खर्ब बजेट रहेको बताइन्छ। तर, नेपाल सरकार ससाना योजनासमेत आफ्नो पैसाले बनाउन खोज्दैन।

पछिल्लो उदाहरण, मेलम्ची खानेपानीको दिगो व्यवस्थापनसम्बन्धी खानेपानी मन्त्रालयको आयोजनामा भएको छलफल कार्यक्रममा ३० अर्बको ल.इ. मा सुरु भएको मेलम्ची आयोजनामा कुल लागत ६२ अर्बभन्दा बढी खर्च भएको बताइयो। अझ थप ५ अर्ब खर्च गर्नुपर्ने मन्त्रालयको प्रस्ताव थियो। तापनि, दिगोपनको सुनिश्चितता नभएको बताइन्छ। त्यसैगरी भक्तपुरको महादेव खोलाको पानी सङ्कलन गरी वितरण गर्न पनि रु. दुई अढाइ अर्ब जति खर्च लाग्ने र त्यसको पनि एसियाली विकास बैङ्कसँग ऋण लिएर गर्ने जानकारी दिइएको थियो। २०४६ सालपछि जनताले खुला राजनीति गर्न पाउनेबाहेक अरू केही पाएनन्। लोकतन्त्र र गणतन्त्रको नाउँमा जनताले महँगी, भ्रष्टाचार, पक्षपात, बेरोजगार र परनिर्भरता पाए तथा पुँजीवादी प्रजातन्त्रका सबैखाले विकृतिहरूको अनुभव गर्न पाए।

# खण्ड - ६

# rLgsf] c8fg



आर्थिक भू-मण्डलीकरण समयले चलाएको प्रचलन हो भने शान्ति र विकासको सम्पूर्ण मानिसको साझा आकाङ्क्षा हो । यस्तो अवस्थामा यदि कसैले अहिले संसारका समस्या र आफ्नो आन्तरिक विकासका समस्याहरूको कारण व्यापारिक भू-मण्डलीकरणलाई दोष दिन्छ तथा व्यापार र लगानीमा संरक्षणवाद अपनाएर विश्व अर्थतन्त्रलाई इतिहासमा जस्तै एकलकाँटे प्रवृत्तिमा लग्न खोज्छ भने त्यो ऐतिहासिक धारको विपरीत हुनेछ । चीन-संरा अमेरिकाको आर्थिक तथा व्यापारिक सम्बन्ध दुई देशका जनताको भलाइका लागि मात्र नभई विश्व शान्ति, समृद्धि र स्थायित्वको लागि पनि अति आवश्यक छ । सहकार्य नै चीन र संरा अमेरिकाको लागि सही उपाय हो र दुईपक्षीय जितको अवधारणाले मात्र उन्नत भविष्यतिर डोऱ्याउनेछ । चीनको अडान स्पष्ट, अविचलित र स्थिर छ ।

### १. चीन आफ्नो राष्ट्रिय प्रतिष्ठा र प्रमुख चासोको विषयमा दृढ निश्चयी छ

चीनको सरकार र जनता संरा अमेरिकासँग व्यापारिक साझेदारी बढाउन र गहिरो सम्बन्ध विकास गर्ने कुरामा आशावादी छन् । चीन व्यापार युद्धको पक्षमा छैन तर योसँग डराएको भने होइन र आवश्यक परेमा त्यस्तो युद्ध लड्नेछ । चीनसँग बलियो अर्थतन्त्र छ, विशाल बजार छ तथा मिहिनेती, प्रतिभावान र एकताबद्ध चिनियाँ जनता छ । हामीलाई संरक्षणवाद, एकाधिकारवाद र प्रभुत्ववादको विरोध गर्ने विश्वका सबै देशहरूको समर्थन छ । हामीसँग सबैखाले खतरा र चुनौतीहरूको सामना गर्ने क्षमता, विश्वास र समाधानका उपायहरू छन् । कुनै पनि बाह्य शक्तिले चीनको विकासलाई रोक्ने छैन । साथसाथै, सबैभन्दा असर परेका चिनियाँ कम्पनी र क्षेत्रहरूले आवश्यकताअनुसार सहायता पाउनेछन् ।

द्रुतगतिमा विकास भइरहेको चीन-अमेरिका व्यापार सम्बन्धका कारण आएका समस्या र विवादहरूलाई सकारात्मकरूपमा लिई सहकार्य गर्ने सोच एवम् व्यवहारको अवधारणाबाट दुईपक्षीय सरसल्लाह वा विश्व व्यापार सङ्गठन (WTO) को विवाद समाधान प्रावधानअनुरूप दुवै पक्षलाई मान्य हुने गरी समाधान गरिनुपर्दछ । चीनले वार्ताको लागि ढोका खुला राखेको छ तर एकले एर्काको सम्मान गर्ने, बराबरीको सिद्धान्तअनुरूप जवाफदेहिता रहेमा मात्र वार्ता सम्भव हुनेछ । भन्सार वृद्धिको त्रास र चीनले आफ्नो विकास गर्न पाउने अधिकारको मूल्य तिर्नुपर्ने गरी वार्ता भने हुनसक्दैन । हामी विश्वस्त छौँ कि संरा अमेरिकाको परिपक्व राजनैतिक नेतृत्वले पुन: यथार्थलाई बुझ्नेछ र चीन-संरा अमेरिकाको आर्थिक तथा व्यापारिक वस्तुगत एवम् बृहत् ढङ्गले प्रकाश पार्नेछ । खोटपूर्ण व्यवहारलाई समयमै सच्याएर दुई देशबिचको व्यापारिक विवाद समाधान गर्न सही दिशा दिने सबै प्रयासलाई मूर्त रूप दिनेछ ।

### २. चीन, चीन-संरा अमेरिका आर्थिक तथा व्यापारिक सम्बन्धलाई दरिलो ढङ्गले विकास गर्न पूर्ण प्रतिबद्ध छ

संरा अमेरिका र चीन संसारको दुई ठुला अर्थतन्त्र हुन् । यी दुईबिचको व्यापारिक विवादलाई सहीरूपले समाधान गरिनुपर्दछ किनभने यसमा विश्व अर्थतन्त्रको स्थायित्व र सम्पन्नता तथा विश्व शान्ति एवम् विकास निहित छ । चीन र संरा अमेरिकाको सहकार्यबाट दुवै देशलाई फाइदा छ जबकि विवादले कसैलाई पनि राम्रो गर्दैन । चीन र संरा अमेरिकाबिचको आर्थिक तथा व्यापारिक सम्बन्ध स्थिर र दरिलो तरिकाले विकास होस् भन्ने दुवै देशका जनताको चाहना हुनुका साथै संसारभरिका जनताको साझा आकाङ्क्षा पनि हो र अन्तर्राष्ट्रिय क्षेत्रले पनि हामीबाट राखेको इच्छा यही हो । चीन अमेरिकासँग यही दिशामा सहकार्य गर्ने चाहना राख्दै एकआपसमा आदरको भावना र दुवै जित्ने खालको सहकार्य, आर्थिक र व्यापारिक सहकार्य, आर्थिक र व्यापारिक भिन्नता व्यवस्थित गर्ने तथा चीन-अमेरिकाको नयाँ आर्थिक तथा व्यापारिक सम्बन्ध बनाउन जोडदार प्रयास गर्दछ । यो सन्तुलित, समावेशी र आपसी हितमा आधारित होस् जसका कारण दुबै जनताले लाभ लिन सकून् । बराबरीको सिद्धान्त र आपसी हितलाई सम्मान गर्ने अवस्थामा चीन अमेरिकासँग दुईपक्षीय लगानी सन्धि गर्न तथा दुईपक्षीय विदेशी व्यापार सम्झौता ( FTA) को लागि उपयुक्त समयमा फेरि वार्ता थाल्न तयार छ ।

### ३. चीन बहुपक्षीय व्यापार प्रणालीलाई अझ व्यवस्थित तथा सुधार गर्ने प्रतिज्ञामा दृढ छ

विश्व व्यापार सङ्गठनको मूल अवधारणामा आधारित बहुपक्षीय व्यापारिक प्रणाली अन्तर्राष्ट्रिय व्यापारको कोशेढुङ्गा हो । यो विश्व व्यापारको व्यवस्थित विकासको मेरुदण्ड हो । चीन खुला, पारदर्शी, समावेशी र भेदभावरहित बहुपक्षीय व्यापार प्रणालीको पक्षमा छ र विश्व व्यापारको तथ्याङ्क व्यवस्थालाई विश्वव्यापी मूल्य शृङ्खला एवम् मूल्य - अभिवृद्धिका आधारमा सुधारको पक्षमा छ । चीन विश्व व्यापार सङ्गठनको सुधारको पक्षमा छ भने एकाधिकारवाद र संरक्षणवादको कडा विरोध गर्दछ । खुला, एकीकृत र दुईपक्षीय जितसहितको विकासको लक्ष्य प्राप्तिको लागि प्रतिबद्ध रहँदै चीन खुला विश्व अर्थतन्त्रको निर्माणको लागि G20, APEC लगायत बहुपक्षीय संरचनाहरूसँग सहकार्य गरिरहेको एवम् व्यापार तथा लगानीको स्वतन्त्र तथा सुविधाको प्रवर्द्धन गर्दै आर्थिक विश्वव्यापीकरणलाई अझ खुला, समावेशी, सन्तुलित र सबैलाई फाइदाजनक बनाउन चाहन्छ ।

### ४. चीन सम्पत्ति र बौद्धिक सम्पत्ति अधिकारको रक्षाका लागि प्रतिबद्ध छ

चीनले बौद्धिक सम्पत्तिको अधिकारलाई अत्यन्त महत्त्वका साथ लिएको छ र सम्पत्तिको अधिकारको रक्षा व्यवस्थाको सुधारका प्रयासहरूमा यसले महत्त्वपूर्ण भूमिका खेल्दछ । चीनले बौद्धिक अधिकारसम्बन्धी ऐनकानुनलाई सुधार गरिरहनेछ भने बौद्धिक अधिकार समीक्षामा कार्यकुशलता र गुणस्तरलाई वृद्धि गर्दै जानीबुझी गरिएका अन्तर्राष्ट्रिय बौद्धिक अधिकार उल्लङ्घनको लागि क्षतिपूर्ति दिने कानुन उल्लङ्घन गर्नेलाई जरिवाना बढाउन कानुनको व्यवस्था गर्नेछ । चीनले कानुनसम्मत वैदेशिक व्यापारसम्बन्धी बौद्धिक सम्पत्तिको अधिकारको कानुनबमोजिम कडा रक्षा गर्दछ । चिनियाँ अदालतले बौद्धिक सम्पत्ति अधिकार मुद्दाहरूका प्रमाणहरूसम्बन्धी नियमहरूमा सुधार गर्दै जानेछ । बौद्धिक सम्पत्ति अधिकारको मूल्य मान्यता झल्किने खालको क्षतिपूर्ति व्यवस्थापन प्रणाली स्थापना गर्नेछ । बौद्धिक सम्पत्ति अधिकारको अदालती व्यवस्थालाई सुदृढ गर्नेछ, राष्ट्रिय स्तरमा बौद्धिक सम्पत्ति अधिकार अपिल प्रणाली (Appeal Mechanism) निर्माणलाई अगाडि बढाउनेछ र बौद्धिक सम्पति अधिकारसम्बन्धी न्याय प्रणालीलाई आधुनिकीकरण गरेर क्षमता वृद्धि गरी छरितो बनाउनेछ । चीनले अरू देशसँग बौद्धिक सम्पत्ति अधिकारको रक्षाका लागि सहकार्य गर्नेछ र चीनको पनि बौद्धिक अधिकार रक्षाका लागि सबै देशले साथ दिनेछन् । चीन बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी विवादहरू कानुनी तरिकाले सुल्झाउनुपर्छ भन्ने पक्षमा छ र बौद्धिक सम्पत्तिको अधिकारको नाममा कुनै पनि देशले गर्ने व्यापारिक संरक्षणवादको विरोध गर्दछ ।

### ५. चीन वैदेशिक व्यापारको कानुनसम्मत अधिकार र रुचिलाई संरक्षण गर्ने प्रतिज्ञामा दृढ छ

चीन सुदृढ व्यापारिक वातावरण निर्माण गर्न र चीनमा कार्यरत सबै देशका वैदेशिक व्यापारी तथा लगानीकर्तालाई उच्चस्तरको सेवा सुविधा प्रदान गर्न वैदेशिक व्यापारसम्बन्धी खुला र पारदर्शी कानुनी व्यवस्था निर्माण गर्न प्रतिबद्ध छ । चीन अन्तर्राष्ट्रिय व्यापारका अभ्यासहरूलाई सम्मान गर्दछ, विश्व व्यापार सङ्घका नियमहरू राम्ररी बुझ्दछ र चीनभित्र दर्ता भएका सबै व्यापारिक संस्थाहरूप्रति समान व्यवहार गर्दछ । चीन विदेशी व्यापारिक संस्थालगायत सबै बजारका अङ्गहरूलाई विभिन्न खालका सहकार्यहरू गर्न उत्साहित गर्दछ भने बजारमा सबैलाई समान अवसर श्रृजना गर्न पनि प्रतिबद्ध छ । चीन सरकार विदेशी लगानीकर्ताहरूको कानुनसम्मत सरोकारका विषयमा गम्भीररूपमा ध्यानाकृष्ट छ र विशेष सरोकारका विषयलाई प्रतिक्रिया तथा समाधान गर्न पनि तयार छ । चीनले विदेशी व्यापारी तथा लगानीकर्ताहरूको कानुनसम्मत अधिकार तथा सरोकारहरूको रक्षा गर्नेछ भने तिनीहरूको कानुनसम्मत अधिकारहरू हनन हुन नदिन चीनको कानुनबमोजिम कडा तरिका अपनाउनेछ ।

### ६. चीन सुधारको नीतिलाई अझ गहिरो र खुलापनको नीतिलाई अझ फराकिलो बनाउन दृढता व्यक्त गर्दछ

सुधार र खुलापनको नीति चीनको मौलिक नीति हो । चीनको विकासको लागि यो आधारभूत शक्ति हो । चीनले यो बाटो परिवर्तन गर्दैन बरू गहिरो ढङ्गले सुधार गर्दै जानेछ । चीनले संसारको लागि आफ्नो ढोका बन्द गर्दैन बरू झन् बढी फराकिलो बनाउँदै जानेछ । बनेका योजना र लिइएको गतिका आधारमा चीन सुधारको नीतिलाई अझ गहिरो र खुलापनको नीतिलाई अझ फराकिलो गर्दै जान प्रतिबद्ध छ । कानुनी राज्यको अवधारणालाई अझ स्थापित गर्दै जान तथा कानुनी राज्यमा आधारित समाजवादी देशको निर्माण गर्न प्रतिबद्ध छ । स्रोतहरूको व्यवस्थापनमा बजारको मुख्य भूमिका हुनेछ र सरकारले प्रतिस्पर्धाको वातावरणलाई प्रोत्साहन दिन तथा एकाधिकारलाई निरुत्साहित गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ । अरू देशझैँ चीनको पनि आफ्नो राष्ट्रिय यथार्थ र परिस्थिति सुहाउँदो विकासको बाटो तय गर्ने तथा आर्थिक मोडल छान्ने अधिकार छ । एउटा विकासशील देश भएको नाताले चीन आफैँमा पूर्ण छैन तर आधुनिक अनुभवहरू बटुल्दै छ र आफ्नो व्यवस्थापन, संस्थाहरू तथा नीतिनियमहरू सुधार एवम् खुलापनको आधारमा अझ सुदृढ गर्दै छ । चीनले आफ्नो आन्तरिक मामिला आफैँ राम्ररी व्यवस्थापन गर्नेछ, नवीनतम विकास रणनीतिलाई लागु गर्नेछ, अर्थ व्यवस्थाको आधुनिकीकरणको गतिलाई तीव्रता दिनेछ र उच्च गुणस्तरको आर्थिक विकासलाई हासिल गर्नेछ । चीन आफ्नो विकासबाट प्राप्त गरेका अवसरहरूलाई अरू देशसँग पनि बाँड्न चाहन्छ । चीनले व्यापार र लगानी स्वतन्त्रता तथा सहुलियतको प्रवर्द्धनका लागि उच्चस्तरको नीति नियमलाई अँगाल्नेछ, स्थापनापूर्वका विदेशी लगानीहरूलाई राष्ट्रिय पुँजीसरहको मान्यता दिने तथा लगानी निषेध क्षेत्रहरूको व्यवस्थालाई देशभर कार्यान्वयन गर्ने हुँदा बजारमा सहज पहुँच र सेवा क्षेत्र बढी खुला हुने, कर कटौती बढ्ने, पारदर्शिता निर्माण हुने तथा स्वच्छ र सक्षम व्यापारको वातावरण बन्ने, माथिल्लो स्तरको खुला अर्थतन्त्रको विकास हुने र आकर्षक लगानीको वातावरण बन्नेछ । यसरी चीनले आफ्नो विकास र समृद्धिलाई सबै प्रगति चाहने देशसँग बाँड्नेछ ।

### ७. चीन अरू विकसित र विकासशील देशसँग दुईपक्षीय फाइदामा आधारित सहकार्य गर्न प्रतिबद्ध छ

‘चीन–युरोपेली सङ्घ लगानी सम्झौता’ विषयको वार्तामा शीघ्र प्रारम्भिक सहमतिको लागि तत्पर छ र यसको आधारमा चीन-युरोपेली सङ्घ वैदेशिक व्यापार सम्झौतालाई छलफलको लागि प्रस्तुत गर्दछ । चीनले ‘चीन-जापान-दक्षिण कोरिया स्वतन्त्र व्यापार क्षेत्र’ बारेको सहमतिको लागि शीघ्रता दिनेछ र व्यापक क्षेत्रीय आर्थिक साझेदारी (Regional Comprehensive Economic Partnership-RCEP) को विषयमा प्रारम्भिक निष्कर्षको लागि पनि कार्यरत छ । चीनले क्षेत्र र मार्ग (Belt and Road Initiative-BRI) को अवधारणाअनुरूप गहिरो सहकार्यलाई प्रोत्साहन गर्दै सर-सल्लाह, सहकार्य र सबैको लागि फाइदाको सिद्धान्तअनुसार नीति, पूर्वाधार, व्यापार, वित्तीय र जनता-जनताबिचको सम्बन्ध विस्तार गर्दै नयाँ साझा विकासका आधारहरू खडा गर्नेछ ।

### ८. चीन मानव जातिको साझा भविष्यको समुदाय निर्माणमा दृढ प्रतिज्ञा गर्दछ

सबै देश विशेष गरेर प्रमुख देशहरूले मानवको प्रगतिमा आउने गम्भीर चुनौतीहरूको सामना गर्न अन्तर्राष्ट्रिय सहकार्यलाई मार्गदर्शन र प्रोत्साहन गर्ने दायित्व एवम् जिम्मेवारी वहन गर्न काँधमा काँध मिलाउन आवश्यक छ । सबै देशले एकले अर्कालाई सम्मान गर्नुपर्छ र बराबरीको आधारमा वार्ता गर्नुपर्छ साथै शीतयुद्ध र शक्तिको राजनीतिको मानसिकतालाई त्याग्नुपर्छ । कुनै पनि देशले आफ्नो स्वार्थलाई मात्र प्राथमिकता दिने र अरूको नाफालाई आफ्नो घाटा देख्ने वा हात लाग्यो शून्यको खेल खेल्नु हुन्न तथा बलियोले निर्धालाई थिचोमिचो गर्ने, आफ्नो फाइदाको लागि अरूलाई नोक्सान गर्ने (Beggar-thy-Neighbor) को नीति अँगालेर प्रभुत्ववादी तरिका अपनाउन पाइँदैन । यसको सट्टा हरेक देशले भिन्नता र तनावलाई सही तरिकाले व्यवस्थापन गर्नुपर्दछ, विवाद र असहमतिहरूलाई संवाद र सरसल्लाहका आधारमा समाधान गर्नुपर्दछ । मनमुटावलाई आदानप्रदान, सङ्घर्षलाई पारस्परिक सिकाइ र श्रेष्ठतालाई सभ्यताहरूको सहअस्तित्वले प्रतिस्थापन गर्नुपर्दछ । चीनले एउटा प्रमुख जिम्मेवार राष्ट्रको भूमिका निर्वाह गर्दै चिरकालसम्मको शान्ति, विश्वव्यापी सुरक्षा र साझा समृद्धिको प्राप्तिका लागि खुला, समावेशी, स्वच्छ र सुन्दर विश्व निर्माण गर्न हरेक देशसँग सहकार्य गर्नेछ ।

‘न्यायको कारकको लागि धेरैको सहयोग हुन्छ तर अन्यायका कारकलाई सान्है कम सहयोग मिल्छ ।’ (A just cause enjoys abundant support while an unjust one finds little support) । बढ्दो अनिश्चितता, अस्थिरता र असुरक्षाको यो संसारमा चीन आफ्नो मौलिक आकाङ्क्षाप्रति दृढ छ र समयको मागबमोजिम चल्दै न्यायको लागि आफ्नो जिम्मेवारी वहन गर्दै अधिकभन्दा अधिक राम्रो गर्ने लक्ष्य लिन्छ । चीन बहुपक्षीय व्यापारको रक्षाको लागि अविचलित भई लाग्नेछ, विश्व शासन व्यवस्थाको सुधारको लागि अग्रगामी पहल गर्दछ, विश्व शान्तिलाई प्रोत्साहन गर्दछ, विश्वव्यापी विकासलाई योगदान गर्दछ, अन्तर्राष्ट्रिय नीति नियमलाई सम्मान गर्दछ र मानव जातिको साझा भविष्यको समुदाय निर्माण गर्दछ ।

***The Facts and China's Position on China- US Trade Friction September 2018***

**अनुवाद : सुनिल**

**स्रोत : चीन-संरा अमेरिका व्यापार युद्धबारे चीनको श्वेतपत्र**





एसियाली देश इरानको राजधानी तेहरानमा इजरायली र अमेरिकी हमलामा मारिएका प्यालेस्टिनी र अरब बालबालिकाको शवको प्रतिमासहित नरसंहारको विरोधमा उत्रेका इरानी जनता अप्रिल ८, २०२४ सोमबारका दिन प्रदर्शनकारीहरूले अमेरिकी बम हमलामा मारिएका इरानी रिभोल्युसनरी गार्डसका जनरल कासिम सुलेमानिको तस्बिर पनि बोकेका छन् ।

*तस्बिर : एएफपी*

# टेस्ला भारतमा बलियो उत्पादन उपस्थिति स्थापना गर्ने योजनामा छ- एलन मस्क

नयाँदिल्ली, ९ अप्रिल (एएनआई) । टेस्ला कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सीइओ) एलन मस्कले अन्य मुलुकमा जस्तै भारतमा पनि विद्युतीय कार हुनुपर्ने बताउनुभएको छ । उहाँले टेस्लाले भारतमा विद्युतीय सवारी साधन उपलब्ध गराउनु आफ्नो कम्पनीका लागि स्वाभाविक प्रगति हुने बताउनुभयो ।

“भारत अहिले जनसङ्ख्याका आधारमा विश्वको सबैभन्दा ठुलो मुलुक हो, अन्य मुलुकमा भएजस्तै भारतमा विद्युतीय कारहरू हुनुपर्छ, भारतमा टेस्लाले विद्युतीय सवारी साधन उपलब्ध गराउनु स्वाभाविक प्रगति हो,” नोर्गेस बैङ्क इन्भेस्टमेन्ट म्यानेजमेन्टका प्रमुख कार्यकारी अधिकृत निकोलाई टाङ्गेनसँगको ‘एक्स स्पेस’ सत्रमा उहाँले भन्नुभयो ।

अर्बपति सीइओले भन्नुभयो, “भविष्यमा सबै सवारी विद्युतीय हुनेछन् र यो केबल समयको कुरा हो ।” भारतीय बजारमा आफ्नो उपस्थितिलाई सुदृढ पार्न टेस्लाले भर्खरै आफ्नो प्रयासलाई तीव्रता दिएको छ र अत्याधुनिक उत्पादन कारखाना स्थापना गर्न उपयुक्त स्थानको खोजी गरिरहेको छ ।

महाराष्ट्र र गुजरातका राज्य सरकारले भारतमा विद्युतीय कारको प्लान्ट स्थापना गर्न टेस्ला उत्पादक कम्पनीलाई आकर्षक जग्गा प्रस्ताव गरेका छन् । उक्त प्रस्तावित प्लान्टमा दुईदेखि तीन अर्ब अमेरिकी डलरसम्मको लगानी लाग्ने र यसले अन्तर्राष्ट्रिय बजारहरू पनि लिने बताइएको छ ।

यो कदम भारतको नयाँ ‘विद्युतीय सवारी नीति’ पछि आएकोले यसले भारतमा विद्युतीय सवारी उत्पादन कारखाना स्थापना गर्न प्रोत्साहन प्रदान गरेको छ । यस योजनाअन्तर्गत भारतलाई अत्याधुनिक प्रविधिले सुसज्जित विद्युतीय सवारी उत्पादन गन्तव्यको रूपमा स्थान दिने लक्ष्य राखिएको छ । साथै देशमा उद्यमशीलतालाई बढावा दिन ‘मेक इन इन्डिया’ पहललाई समावेश गरिएको छ ।

टेस्लाले उत्पादन सुविधाका लागि भारतको उपयुक्त स्थान खोज्नका लागि विशेषज्ञहरूको टोली पठाउने योजना बनाएको छ ।

# गाजा युद्धको ६ महिनापछि युद्धविराम प्रस्तावको अध्ययन गर्दै हमास

गाजा क्षेत्र, ९ अप्रिल (एएफपी) । दक्षिणी गाजामा फर्केका प्यालेस्टिनीहरूले इजराइली सैनिकहरूको फिर्तीपछि बाँकी रहेको विनाशको सीमाको सामना गरेको भन्दै हमासले कायरोमा भएको पछिल्लो चरणको प्रस्तावित युद्धविरामको नयाँ रूपरेखाबारे विचार गरिरहेको मङ्गलबार बताएको छ ।

सबैभन्दा रक्तपातपूर्ण गाजा युद्धको ६ महिनापछि कतार, इजिप्ट र अमेरिकाका मध्यस्थकर्ताहरूले अर्को अस्थायी युद्धविरामको प्रस्ताव राखेको हमासको एक स्रोतले बताएको छ । तीन भागको प्रस्तावले इजरायलमा प्यालेस्टिनी कैदीहरूका लागि हमासले कब्जामा राखेका बन्धकहरूको आदानप्रदानको सुविधा प्रदान गर्न छ साताका लागि लडाइँ रोक्नेछ ।

मध्यस्थकर्ताहरूको प्रयासको ‘प्रशंसा’ गर्दै हमासले मङ्गलबार वार्ताको क्रममा इजरायलमाथि आफ्नो कुनै पनि मागको जवाफ नदिएको आरोप लगाएको छ । “यस्तो अवस्था भए पनि आन्दोलनको नेतृत्वले प्रस्तावको अध्ययन गरिरहेको छ,” हमासले एक विज्ञप्तिमा भनेको छ ।

महिनौँको भिषण लडाइँपछि इजरायलले सप्ताहन्तमा दक्षिणी सहर खान युनिसबाट आफ्नो सेना हटाएको घोषणा गरेको छ । रफाहमा घुसपैठसहित युद्धको अर्को चरणको तयारीमा सैनिकहरूलाई मद्दत होस् भनेर सेना हटाएको उसले बताएको छ ।

इजरायलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले सोमबार अब गाजा क्षेत्रको सबैभन्दा दक्षिणी सहरमा स्थल सेना पठाउने मिति तय गरिएको बताउनुभएको थियो । उक्त सहरमा अधिकांश विस्थापित प्यालेस्टिनी बस्छन् ।

विदेशी शक्ति र मानवतावादी समूहहरूले ठुलो मात्रामा नागरिक हताहत हुने डरका कारण उक्त सहरमा कुनै अभियान सञ्चालन नगर्न इजरायलसँग आग्रह गरेका छन् । यद्यपि, नेतान्याहु र उहाँका सैन्य कमान्डरहरूले त्यसो नगरे हमासमाथि विजय हासिल गर्न नसकिने बताउनुभएको छ ।

इजरायलका रक्षामन्त्री योभ ग्यालेन्टले गाजामा हमला जारी राखिने बताए पनि यसलाई ‘युद्धविरामका लागि सही समय’ भन्नुभएको थियो ।

इजरायलमाथि आफ्नो युद्ध रोक्न र भोकमरीको क्षेत्रमा थप मानवीय सहायताको अनुमति दिन व्यापक अन्तर्राष्ट्रिय दबाबको सामना गर्नु परिरहेका बेला सेनाको फिर्ती भएको हो ।

अक्टोबर ७ को हमलापछि युद्ध सुरु भयो र इजरायली नाकाबन्दीले गाजावासी खाना, पानी र अन्य आधारभूत आपूर्तिबाट वञ्चित भएका छन् । सहायता वितरणबाट चरम अभावलाई न्यूनरूपमा कम गरिएको छ । मानवतावादी समूहहरूले आपूर्तिको कमीबाट आसन्न ‘मानव निर्मित’ अनिकाललाई रोक्न नसकिने चेतावनी दिएका छन् ।

गाजा क्षेत्रमा सहायता प्रवाहको व्यवस्थापन गर्ने इजरायली संस्था सीओजिएटीका अनुसार सोमबार चार सय १९ ट्रकलाई गाजा क्षेत्रमा प्रवेश गर्न अनुमति दिइएको छ । यो युद्ध सुरु भएपछि एक दिनमा सबैभन्दा ठुलो प्रवेश अनुमति हो ।

युद्ध रोक्ने पछिल्लो प्रस्तावमा छ साताको युद्धविराम हुने र नौ सय प्यालेस्टिनी कैदीहरूको बदलामा इजरायली महिला र बालबालिका बन्धकलाई रिहा गरिने उल्लेख भएको हमासको एक स्रोतले सोमबार बताएको छ । उक्त सम्झौताले गाजा क्षेत्रको उत्तरमा विस्थापित प्यालेस्टिनी नागरिकहरूको फिर्ती र प्रतिदिन चार सयदेखि पाँच सय ट्रकलाई खाद्य सहायताको अनुमति पनि दिने स्रोतले बताएको छ ।

गतिरोधसँगै समाप्त भएको वार्ताको मध्यस्थताको पछिल्लो चरणमा हमासले व्यापक युद्धविराम, गाजा क्षेत्रबाट इजरायली सेनाको पूर्ण फिर्ती र सहायता वितरणमा नियन्त्रणको माग गरेको छ । महिनौँको वार्ता र मध्यस्थता कूटनीति जारी रहे पनि अहिलेसम्म एउटा मात्र युद्धविराम सम्झौता नोभेम्बरमा भएको थियो । उक्त सम्झौताअन्तर्गत ७८ बन्धक र सयौँ प्यालेस्टिनी कैदीलाई रिहा गरिएको थियो ।

# चीनले रुससँग ‘रणनीतिक सहयोग सुदृढ’ बनाउने

पेइचिङ, ९ अप्रिल (एएफपी) । चीनका विदेशमन्त्री वाङ यीले मङ्गलबार आफ्ना रुसी समकक्षी सर्गेई लाभरोभसँगको भेटको क्रममा पेइचिङले मस्कोसँग रणनीतक सहयोगलाई बलियो बनाउने र दुवै मुलुक ‘निष्पक्षता र न्याय’ को पक्षमा उभिनुपर्ने बताउनुभएको छ ।

युक्रेनमा रुसको युद्ध जारी रहेका बेला दुवै मुलुकबिच कूटनीतिक सम्बन्धलाई बलियो बनाउन लाभरोभ सोमबार दुई दिवसीय औपचारिक भ्रमणको क्रममा चीन पुग्नुभएको छ । रुस र चीनले हालैका वर्षहरूमा सम्पर्कहरू बढाएका छन् र युक्रेनमा आक्रमणपछि उनीहरूबिचको रणनीतिक साझेदारी अझ घनिष्ठ भएको छ ।

यद्यपि, विश्लेषकहरूका अनुसार रुससँगको सम्बन्धमा चीनको हात माथि रहेको छ र मस्कोको अन्तर्राष्ट्रिय एक्लोपन गहिरिँदै जाँदा चीनको प्रभाव पनि बढ्दै गएको छ ।

मङ्गलबारको बैठकमा चिनियाँ विदेशमन्त्री वाङले वाचा गर्दै भन्नुभयो, “चीनले (भ्लादिमिर) पुटिनको नेतृत्वमा रुसलाई स्थिर विकासको समर्थन गर्नेछ ।” आरआइए नोभोस्ती समाचार समितिका अनुसार वाङले भन्नुभयो, “पेइचिङ र मस्कोले विश्व मञ्चमा रणनीतिक सहयोगलाई बलियो बनाउन र एक आपसमा बलियो समर्थन प्रदान गर्न जारी राख्नेछन्, राष्ट्रपति पुटिनको बलियो नेतृत्वमा रुसी जनताको भविष्य उज्ज्वल हुनेछ ।”

जवाफमा लाभरोभले राष्ट्रपति पुटिन हालै पुनः निर्वाचित हुनुभएकोमा चीनको ‘समर्थन’ का लागि धन्यवाद दिनुभयो । इजभेस्टियाले टेलिग्राममा साझा गरेको बैठकको एक भिडियोअनुसार उहाँले भन्नुभयो, “चिनियाँ राष्ट्रपति सी चिनफिङ निर्वाचित राष्ट्रपति पुटिनलाई बधाई पठाउने पहिलो मानिसहरूमा हुनुहुन्थ्यो र हामी यो समर्थनका लागि हाम्रो चिनियाँ मित्रहरूप्रति आभारी छौँ ।”

# टर्कीएले इजरायलमाथि व्यापारमा प्रतिबन्ध लगाउने

इस्तानबुल, ९ अप्रिल ( एएफपी) । गाजामा इजरायली युद्धको जवाफमा टर्कीएले मङ्गलबारदेखि सिमेन्ट, स्टिल र फलामको निर्माण सामग्रीसहित धेरै उत्पादनमा इजरायलमाथि व्यापार प्रतिबन्ध लगाउने व्यापार मन्त्रालयले विज्ञप्तिमा बताएको छ ।

“इजरायलले तत्काल युद्धविराम घोषणा नगरेसम्म र गाजामा मानवीय सहायताको पर्याप्त तथा निर्बाध प्रवाहको अनुमति नदिएसम्म यो निर्णय कायम रहनेछ,” मन्त्रालयले सामाजिक सञ्जालमा घोषणा गरेको छ । इजरायलले गाजालाई हवाई सहायता प्रदान गर्ने आफ्नो प्रयासलाई रोकेको एक दिनपछि टर्कीएले नयाँ कदम चालेको हो ।

विदेशमन्त्री हकन फिदानले सोमबार इजरायलविरुद्ध प्रतिशोधको वाचा गर्दै प्रतिबन्धलाई ‘चरणबद्धरूपमा’ र ‘बिना कुनै ढिलाइ’ लागु गरिने बताउनुभयो ।

टर्कीए गाजामा इजरायलको युद्धको सबैभन्दा कठोर आलोचकहरूमध्येको एक रहेको छ । राष्ट्रपति रेसेप तैयम एर्दोगानले इजरायललाई ‘आतङ्कवादी राज्य’ को संज्ञा दिनुभएको छ ।

# हेपाटाइटिस भाइरसबाट दैनिक तीन हजार ५०० मानिसको ज्यान जाने गर्छ- डब्ल्यूएचओ

जेनेभा, ९ अप्रिल (एएफपी) । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) ले हेपाटाइटिस भाइरसबाट हरेक दिन तीन हजार पाँच सयभन्दा बढी मानिस मर्ने गरेको र यो सङ्ख्या बढिरहेको मङ्गलबार चेतावनी दिएको छ । सङ्गठनले दोस्रो सबैभन्दा ठुलो सङ्क्रामक हत्यारा यस भाइरससँग लड्न छिटो कारबाही गर्न आग्रह गरेको छ ।

यस साता पोर्चुगलमा भएको विश्व हेपाटाइटिस शिखर सम्मेलनका साथ जारी डब्ल्युएचओको प्रतिवेदनअनुसार सन् २०२२ मा एक सय ८७ मुलुकको तथ्याङ्कले भाइरल हेपाटाइटिसबाट मृत्यु हुनेको सङ्ख्या १३ लाख पुगेको देखाएको छ । डब्ल्यूएचओको ग्लोबल एचआईभी, हेपाटाइटिस र यौन सञ्चारित सङ्क्रमण कार्यक्रम प्रमुख मेग डोहर्टीले यो डरलाग्दो प्रवृत्ति भएको बताउनुभयो ।

प्रतिवेदनमा हेपाटाइटिस सङ्क्रमणबाट विश्वभर दैनिक तीन हजार पाँच सयको मृत्यु हुने गरेको र त्यसमा ८३ प्रतिशत हेपाटाइटिस ‘बी’ र १७ प्रतिशत हेपाटाइटिस सीबाट हुने उल्लेख छ ।

प्रतिवेदनमा प्रभावकारी र सस्तो जेनेरिक औषधिले यस्तो भाइरसहरूको उपचार गर्न सकिने र सन् २०२२ मा पुरानो हेपाटाइटिस ‘बी’ बाट सङ्क्रमण भएकामध्ये तीन प्रतिशतले मात्र उपचार पाएको उल्लेख छ । हेपाटाइटिस ‘सी’ बाट सङ्क्रमितमध्ये २० बीस प्रतिशतको उपचार गरिएको थियो ।

“हेपाटाइटिसको सङ्क्रमणलाई रोक्न विश्वव्यापीरूपमा प्रगति भए पनि मृत्युदर बढ्दै गएको छ,” डब्ल्यूएचओ प्रमुख टेड्रोस अधानोम गेब्रेयससले एक विज्ञप्तिमा भन्नुभयो ।

अफ्रिकामा पाँचमध्ये एक शिशुलाई जन्मको समयमा खोप लगाइए पनि नयाँ हेपाटाइटिस-‘बी’ सङ्क्रमणको ६३ प्रतिशत मामिला देखिएको प्रतिवेदनमा उल्लेख छ। संयुक्त राष्ट्र एजेन्सी डब्ल्युएचओले प्रभावित देशहरूसँग जेनेरिक हेपाटाइटिस औषधिमा पर्याप्त पहुँच नभएकामा पनि दुःख व्यक्त गरेको छ ।

प्रतिवेदनअनुसार कुल हेपाटाइटिसका दुईतिहाइ केस बङ्गलादेश, चीन, इथियोपिया, भारत, इन्डोनेसिया, नाइजेरिया, पाकिस्तान, फिलिपिन्स, रुस र भियतनाममा छन् । सन् २०२५ सम्ममा यी १० देशमा हेपाटाइटिस रोकथाम गर्न र उपचारमा विश्वव्यापी पहुँच पुऱ्याउन आवश्यक रहेको डब्ल्यूएचओले बताएको छ ।

# म्यान्मामा प्रकोपबाट २५ हजार घर क्षतिग्रस्त

याङ्गुन (म्यनमा), ९ अप्रिल ( सिन्ह्वा) । आर्थिक वर्ष २०२३-२४ मार्चको अन्त्यसम्म भएका प्रकोपले म्यानमामा २५ हजार चार सय ६० घर क्षतिग्रस्त हुँदा ७६ हजार ६ सय एक घरपरिवारलाई असर गरेको सरकारी अधिकारीले मङ्गलबार बताएका छन् ।

गत आर्थिक वर्षमा म्यानमामा आगलागीका चार सय ५२, पानीसँग सम्बन्धित एक सय ४४, हावाका छ सय ६१ तथा अन्य सात सय ५९ गरी दुई हजार १६ वटा प्रकोप दर्ता भएको सामाजिक कल्याण, राहत तथा पुनःस्थापना मन्त्रालयको विपद् व्यवस्थापन विभागका निर्देशक डाअ ले स्वे सिन ऊले सिन्ह्वालाई बताउनुभयो ।

अधिकारीहरूका अनुसार म्यानमामा सबैभन्दा सामान्य प्रकोप हावाको थियो । विभिन्न प्रकोपबाट सबैभन्दा बढी प्रभावित क्षेत्रहरूमा अय्यारवाडी क्षेत्र, मगवे क्षेत्र र शान राज्य रहेका थिए ।

# आम्रको मृत्यु

✍ क्रिस हेजेज

बिहानीपख दक्षिण गाजाको एउटा खुला चौरमा आम्र अब्दुल्ला मारिए। आमा, बुबा, दुई भाइ र काकीसँगै रमादानको प्रार्थना गर्न उनी झिसमिसेमै उठेका थिए।

उनीहरूले सँगै प्रार्थना गरे, "तिम्रै पूजा गर्छौं; तिमीसँगै सहायता माग्छौं। हामीलाई सोझो मार्गमा डोऱ्याऊ; तिमीलाई क्रोधित पार्ने बाटोमा होइन; तिमीबाट भड्किने बाटोमा होइन; तिम्रो आशिष पाउने मार्गमा लग।"

चकमन्न अँध्यारो थियो। तिनीहरू फर्केर आफ्नै पालमा आए। तिनीहरूको पुरानो जीवन भताभुङ्ग भइसकेको छ। आम्रका बाबुले पर्सियाली खाडीमा ३० वर्षसम्म काम गरे र पुर्ख्यौली थलो अल-करारामा एउटा सानो घर हाले। गाउँको त्यो घर, तिनको बगैँचा, विद्यालय, स्थानीय मस्जिद र ईपू. ४००० यताका प्राचीन सामग्री सङ्ग्रह गरिएको नगरको सांस्कृतिक सङ्ग्रहालय सबै नष्ट भइसकेको छ। बमले ती सबै संरचना खण्डहरमा परिणत गरेको छ।

आम्र १७ वर्ष पुगेका थिए। यो वर्ष उनको स्कूले जीवन सकिँदै थियो। तर, नोभेम्बरमै विद्यालय बन्द भयो। नत्र उनी कलेज गइरहेका हुन्थे। आफ्नो बुबाजस्तै इन्जिनियर बन्न पढाइमा दत्तचित्त हुन्थे। उनका बुबा टोलका सम्मानित अगुवा हुन्। आम्र जेहनदार विद्यार्थी थिए। तर, अहिले उनी 'सुरक्षित क्षेत्र' भनाउँदो पालमा बसिरहेका थिए। उनी र उनको परिवारलाई पहिल्यै थाहा थियो, त्यो ठाउँ सुरक्षित छैन भनेर। त्यहाँ इजरायलले छिटफुट बमबारी गरिरहन्थ्यो।

जाडो र झरी परेको थियो। न्यानो पार्न परिवारजन एउटा कुनामा च्यापिएर बसेका थिए। भोकले पेटमा मुसा दौडिरहेको थियो।

"आम्रको बारेमा कुरा गर्नु भनेको जूनको बारेमा कुरा गर्नुजस्तै हो," न्युजर्सीमा बस्दै आएका उनका काका अब्दुलवासेत अब्दुल्लाले मसँग भने। उनले भने, "ऊ विशेष थियो; सुन्दर, प्रतिभाशाली र दयालु थियो।"

इजरायली आक्रमण उत्तरी गाजाबाट सुरु भयो। त्यसपछि त्यो दक्षिणतिर सर्दै थियो। डिसेम्बर १ शुक्रबार बिहान इजरायली ड्रोनहरूले आम्रको गाउँमाथि पर्चा फाले।

पर्चामा लेखिएको थियो, "अल-करारा, खिर्बेत अल-खुजा, अब्सान र बानी सोहिलाका बासिन्दाहरू, तिमीहरूले तत्काल गाउँ खाली गरेर राफा क्षेत्रमा शरण लिनुपर्छ। खान युनिस सहर भयावह युद्धक्षेत्र बन्दै छ। चेतना होस्। हस्ताक्षर : इजरायली प्रतिरक्षा बल।"

गाजामा परिवारहरू संयुक्तरूपमा एकै छानामुनि पुस्तौं-पुस्तादेखि बस्दै आएका छन्। त्यसैले एउटै हवाई हमलामा परेर एकै परिवारका दर्जनौं सदस्य एकैचोटि मर्छन्। आम्र पनि काका-काकी र तिनका छोराछोरीसँग बस्दै आएका थिए।

इजरायली पर्चा पढेपछि गाउँलेहरू आत्तिए। केहीले मालताल मिलाउन थाले। केहीले घरखेत छोड्न मानेनन्।

आम्रका एक काकाले घर नछोड्ने अड्डी कसे। उनी घरमै बस्ने भए भने बाँकी परिवार 'सुरक्षित स्थल' तिर जाने भए। उनका छोरा नासिर अस्पतालमा डाक्टर थिए। आम्रका ती दाइ बुबालाई घर छोडाउन अस्पतालबाट आए। ती बाबु-छोराले घर छोड्दाबित्तिकै सडकभरि बमबारी हुन थाल्यो।

आम्र र उनको परिवार खान युनिसमा रहेका नातेदारकहाँ गयो। केही दिनपछि झन् धेरै पर्खा बर्सिन थाल्यो। पर्चामा सबैलाई राफा जान भनियो।

अब खान युनिसका नातेदारहरू पनि आम्रको परिवारसँगै थिए। राफा हप्हपी छुट्ने दुस्वप्न साबित भयो। हतास-निरास प्यालेस्टिनीहरू त्यहाँ सडक र खुला चौरमा बसिरहेका थिए। खाना वा पानीको हाहाकार थियो। आम्रको परिवार आफ्नै कारमा सुत्यो। जाडो थियो; झरी परिरहेको थियो। ओढ्नलाई सिरक थिएन। उनीहरूले कहीं पाल पाइन्छ कि भनेर खुबै खोजखाज गरे। तर, कहींकतै पाल पाइएन। उनीहरूले थोत्रो प्लास्टिक भेटाए। त्यसले कारको पछिल्तिर छाएर उनीहरूले ससानो सुरक्षित स्थल बनाए। शौचालय थिएन। त्यसको लागि मानिसहरू सडकको एउटा कुनातिर जान्थे। दुर्गन्ध तीव्र थियो।

एक हप्ताभित्रै उनीहरू दुईचोटि विस्थापित भइसकेका थिए।

आम्रका बुबा मधुमेह र उच्च रक्तचापका बिरामी थिए। नयाँ माहोलमा उनी सिकिस्त भए। परिवारले उनलाई खान युनिसनजिकै युरोपेली अस्पताल लगे। डाक्टरले अपुग खानाले उनी बिरामी भएको बताए।

डाक्टरले उनलाई भने, "हामी तपाईंलाई उपचार गर्न सक्दैनौं। योभन्दा पनि सङ्गीन समस्याहरू छन् यहाँ।"

आफ्ना जेठा दाजुबारे अब्दुल्लाले भने, "दाइसँग चिटिक्कको घर थियो। अहिले बेघरबार हुनुभयो। गाउँका सबैलाई चिन्नुहुन्थ्यो। अहिले बिराना मानिसहरूको भिडमा सडकमा बस्दै हुनुहुन्छ। कसैसँग पनि पुग्दो खाना छैन। सफा पानी छैन। सरसफाइको कुनै सुविधा छैन; पाइखाना छैन।"

आम्रको परिवारले फेरि अल-मवासी जाने निधो गऱ्यो। इजरायलले त्यसलाई 'मानवीय क्षेत्र' तोकेको थियो। त्यहाँ बस्नलाई कम्तीमा केही ठाउँ पाइने थियो किनभने परिवारको नाममा त्यहाँ अलिकति जमिन थियो। समुद्री तटमा रहेको अल-मवासीको बालौटे थुम्काथुम्कीमा अहिले ३ लाख ८० हजार विस्थापित प्यालेस्टिनीहरू बस्दै छन्। इजरायलले अल-मवासीमा अन्तर्राष्ट्रिय मानवीय सहायता ल्याउन दिने वाचा गरेको थियो। त्यसमध्ये थोरै राहत सामग्री आएको पनि छ। त्यहाँ ट्रकबाट पानी लिनुपर्छ। बिजुली छैन। जनवरीमा इजरायली युद्धविमानहरूले अल-मवासीको आवास क्षेत्र वरपर बमबारी गऱ्यो। त्यहाँ अन्तर्राष्ट्रिय उद्दार समिति तथा प्यालेस्टिनीहरूका निमित्त मेडिकल सहयोग नामक संस्थामा कार्यरत मेडिकल टोली र तिनका जहान परिवार बस्दै आएका थिए। बमबारीले तीमध्ये धेरैलाई चोटपटक लाग्यो। एउटा इजरायली ट्याङ्कले फ्रान्सेली डाक्टरहरूको स्वयंसेवी समूह 'सीमा नभएका डाक्टरहरू' का स्टाफ र तिनका परिवार बसिरहेको घरमा तोप हान्यो। फेबुअरीको त्यो हमलामा २ जना मारिए र ६ जना घाइते भए।

आम्रको परिवारले खजुरका स्याउला र प्यालस्टिक जोडजाड गरेर कमचलाउ पाल बनायो। इजरायली ड्रोनहरू रातदिन बस्तीमाथि घुमिरहन्थे।

मर्नुभन्दा एक दिनअघि फोनको जोगाड गरेर आम्रले क्यानडामा बस्दै आएकी दिदीसँग कुरा गरे। दूरसञ्चारको समस्याले गर्दा बिचबिचमा सम्पर्क काटिए पनि उनीहरूले आपसमा कुराकानी गरे।

आम्रले बिन्ती बिसाए, "जसरी हुन्छ हामीलाई यहाँबाट निकाल्नुस्।"

इजरायलले हमला गर्नुभन्दा अगाडि इजिप्टस्थित 'हाला' नामक संस्थाले ३५० डलर लिएर गाजावासीहरूलाई इजिप्टमा प्रवेश गर्ने यात्रु अनुमतिपत्र दिलाएको थियो। (अरबी भाषामा हालाको अर्थ स्वागत हुन्छ।) जातिसंहार सुरु भएपछि भने त्यो संस्थाले शुल्क बढाएर वयस्कलाई ५ हजार डलर र बालबालिकालाई २५ सय डलर लिएर यात्रु अनुमतिपत्र दिलाइरहेको छ। कहिलेकाहीं उसले प्रतिव्यक्ति १० हजार डलर पनि असुल्दै आएको छ।

इजिप्टको राजधानी कायरो र राफा दुवै ठाउँमा हालाका कार्यालयहरू छन्। हालाले अमेरिकी डलरमात्र लिन्छ। पैसा बुझिसकेपछि निवेदकको नाम इजिप्टका अधिकारीहरूको हातमा पुग्छ। अनुमति पाउन हप्तौं लाग्न सक्छ। गाजाबाट बाहिरिन आम्रको परिवारलाई २५ हजार डलर लाग्ने भयो। विधवा काकी र उनका छोराछोरीलाई पनि लग्ने भए दोब्बर पैसा लाग्ने भयो। विदेशमा बस्ने आम्रका नातेदारहरूको लागि त्यो रकम फलामका चिउरासरि भयो। उनीहरूले विदेशमा 'गो फन्ड मी' नामक चन्दा सङ्कलन पेज बनाए। उनीहरूले अझै पनि रकम जम्मा गर्दै छन्।

इजिप्ट पसेको एक महिनाभित्रै प्यालेस्टिनीहरूले पाएको अनुमतिपत्रको म्याद नाघ्छ। इजिप्ट पस्ने धेरैजसो प्यालेस्टिनी शरणार्थीहरू विदेशबाट नातेदारहरूले पठाउने पैसाले बाँच्ने गर्छन्।

झिसमिसेमै आम्रको निद्रा खुल्यो। रमादान पर्वको पहिलो शुक्रबार थियो। परिवारसँगै उनले बिहानी प्रार्थना गरे। प्रार्थना सक्दा बिहानको पाँच बजे गरिने त्यो प्रार्थनालाई फज्र भनिन्छ।

मुसलमान धर्मावलम्बीहरू रमादानको महिनामा दिनभरि उपवास बस्छन्। घाम डुबेपछि बिहान घाम झुल्किनुभन्दा अगाडिसम्म उनीहरूले खानपान गर्छन्। तर, अहिले त खानाको नै अभाव थियो। अलिकति जैतुनको तेल र जातारको धुलो थियो। त्यो पुग्दो थिएन।

प्रार्थना सकेपछि उनीहरू आफ्नो पालमा गए। आम्र आफ्नी काकी र उनका छोराछोरीसँगै पालभित्र थिए। एउटा बम पालनजिकै खसेर पड्कियो। बमको छिर्काले काकीको खुट्टा काट्यो र उनका छोराछोरीलाई गम्भीर घाइते बनायो। अतासिएर आम्रले तिनीहरूलाई सहयोग गर्न खोजे। दोस्रो बम विस्फोट भयो। त्यसको छिर्काले आम्रको पेट चिऱ्यो र पिठ्युँबाट निस्कियो।

आम्र जुरुक्क उठे। उनी लर्खराउँदै पालबाट बाहिर निस्के र ढले। उनका दाइदिदीहरू दौडिँदै उनीतिर गए। कारमा उति धेरै ग्यास त थिएन। तैपनि, उनीहरूले आम्रलाई गाडीमा राखेर तीन माइल परको नासिर अस्पतालमा लगे।

बाटोमा दाइदिदीले सोधे, "आम्र, ठिक्कै त छौ ?"

"अँ," आम्र सुँक्सुँकाए।

केही मिनेटपछि उनीहरूले फेरि सोधे, "आम्र, ठीक छ ?"

"अँ," आम्रले सुस्तरी भने।

उनीहरूले आम्रलाई कारबाट निकाले र बोकेर अस्पतालको भिडभाड छिचोल्दै भित्र लगे। उनीहरूले आम्रलाई भुइँमा राखे।

आम्र मरिसकेका थिए।

उनीहरूले आम्रको शरीरलाई कारमै राखे र परिवार बसिरहेको शिविरमा ल्याए।

आम्रका काकाले मलाई आम्रकी शोककुल आमा छोराको लासअघि रोइरहेको भिडियो देखाए।

भिडियोमा आम्रकी आमा देब्रे हातले आम्रको अनुहार सुम्सुम्याउँदै बिलौना गर्दै थिइन्, "आम्र, छोरा, मेरो प्राण। तिमीबिना कसरी बाँच्ने ? के गर्ने ?"

उनीहरूले आम्रलाई एउटा कामचलाउ चिहानमा गाडे।

त्यही दिन राति इजरायलीहरूले फेरि बमबारी गरे। धेरै प्यालेस्टिनीहरू मारिए। केहीलाई चोटपटक लाग्यो।

अघिल्लो दिन आम्रको परिवार बसिरहेको पालले छाएको रित्तो घरलाई नामेट भयो।


**स्रोत : 'एमवार अनलाइन' बाट अनुवाद : सम्यक**


















# सुजन बाग श्रेष्ठले जिब्रो छेड्न दिने

मध्यपुर, २७ चैत । बोडेको जिब्रो छेड्ने तथा बिस्केट जात्रामा बोडे खाँसी टोल निवासी सुजन बाग श्रेष्ठले नै जिब्रो छेडाउने भएका छन् । यसको लागि उनले नाइके प्रधान माइला मासिंक श्रेष्ठलाई 'चार आना' पैसा बुझाइसकेका छन् । जिब्रो छेड्न दिनको लागि नाइके प्रधानलाई चार दिन अगाडि नै पैसा दिने चलन छ ।

गत २०८० सालमा पनि उनै सुजन बाग श्रेष्ठले जिब्रो छेड्न दिएका थिए । बोडेमा जिब्रो छेड्ने काम भइसकेपछि वैशाख २ गते सात वटा खटको जात्रा गरिन्छ । जात्रा गर्न नाइके प्रधानले प्रत्येक खटलाई सिन्दुर चढाउने गर्छन् । नाइके प्रधानले कर्मी नाइकेलाई फलामको सुइरो सुम्पिएपछि जिब्रो छेडिन्छ । कर्मी नाइके कृष्णचन्द्र बाग श्रेष्ठ हुन् ।

जिब्रो छेड्ने सुइरो धर्मलाल नकर्मीले बनाउँदै आइरहेका छन् ।

# युवा उद्यमशीलताको तालिम सुरु

भक्तपुर, २७ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख अतिथ्यमा लघु उद्यम विकास (मेडपा) कार्यक्रमको भक्तपुर नगरभित्रका १० वटै वडाका युवाहरूलाई लक्षित गरी सञ्चालन गरिएको ८ दिने सीपमूलक तालिम भनपा सभाकक्षमा मङ्गलबार सुरुआत भयो ।

कार्यक्रमको सुरुआत गर्दै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले युवाहरूलाई सीप प्रदान गर्ने उद्देश्यले समय समयमा विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिहरको बताउँदै आर्थिकरूपमा कमजोर नागरिकहरूलाई नगरपालिकाले युवा उद्यमशीलता ऋण प्रदान गर्ने योजना रहेको बताउनुभयो ।

उहाँले अहिले बर्सेनि लाखौँ युवाहरू विदेशिरहेको बताउँदै युवाहरूलाई आफ्नो देश आफैले विकास गर्नुपर्छ र नेपालमै बसेर केही काम गर्नुपर्छ भन्ने भावनाले प्रेरित गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

अतिथि प्रजापतिले श्रम गरी खानेको इज्जत हुन्छ तर ठगेर, भ्रष्टाचार गरेर खानेको इज्जत हुँदैन भन्नुभयो ।

कार्यक्रममा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला र प्रमुख प्रशासकीय अधिकृत बसन्त भट्टराईले पनि बोल्नुभएको थियो ।



भक्तपुरमा ८ दिन ९ रातसम्म मनाइने ऐतिहासिक र धार्मिक महत्त्वको बिस्का जात्रा सुरु हुने क्रममा मङ्गलबार भक्तपुरको टौमढीमा भैरवनाथको रथ तान्दै र जात्रा हेर्दै जात्रालुहरू ।

*तस्बिर : सुमन*

***बीमा...***

अस्पतालमध्ये आधारभूत स्वास्थ्य केन्द्रहरू र २५ शय्यासम्मका अस्पतालहरूमा बाहेक यो सहभुक्तानी कार्यक्रम लागु गरिएको छ । बीमाका बिरामीहरू अस्पतालहरूका फर्मेसीमा औषधि नपाइएको, बाहिर निजी पसलमा गएर खरिद गर्नुपरेको, बीमाका कार्ड देखाउनेबित्तिकै उपचार सेवा ढिलाइ गर्ने गरेको जस्ता थुप्रै गुनासाहरू गर्ने गर्छन् । भक्तपुर क्यान्सर अस्पताल त्यसको एक उदाहरण बनेको छ । क्यान्सरको उपचार गर्न देशभरिबाट त्यहाँ बिरामीहरू पुग्ने गर्छन् । भक्तपुर क्यान्सर अस्पताल भरतपुर अस्पतालपछिको दोस्रो ठुलो क्यान्सर अस्पताल हो । त्यहाँको फार्मेसीमा धेरै किसिमका औषधि नभएको अस्पतालकै पदाधिकारीहरू स्वीकार्छन् । अस्पताल स्रोतको भनाइ छ, "विपन्न नागरिक उपचारबापत सरकारबाट पाउनुपर्ने रु. ९ करोडभन्दा बढी भुक्तानी नहुँदा अस्पताललाई ठुलो समस्या भइरहेको छ । हामीले व्यापारीहरूलाई भुक्तानी गर्न नसकेपछि तिनीहरूले औषधि आपूर्ति रोके । त्यही कारण अस्पतालमा समस्या आएको हो ।"

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको बीमा भुक्तानी अवस्था पनि त्यस्तै छ । ख्वप अस्पतालले नगरवासीहरूमात्रै होइन देशका विभिन्न जिल्लाका नागरिकहरूलाई सस्तो र गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आएको छ । गत आ.व. २०७९/८० को एक वर्षमा ख्वप अस्पतालले ७० जिल्लाका २ लाख २० हजार ४ सयभन्दा बढी बिरामीलाई स्वास्थ्य उपचार सेवा प्रदान गर्यो भने चालु आ.व. २०८०/८१ को बितेको आठ महिना (साउनदेखि फागुनसम्म) मा १ लाख ५४ हजारभन्दा बढी बिरामीलाई सेवा दिइसकेको अस्पतालले जनाएको छ ।

ख्वप अस्पतालले २०७४ सालदेखि बीमा सेवा प्रदान गर्दै आएको हो । तर, उक्त अस्पताललाई ठुलो राशी बीमा बोर्डले भुक्तानी गर्न बाँकी राखेको अस्पताल स्रोत बताउँछ । अस्पताल स्रोत भन्छ, २०८० फागुन मसान्तसम्म करिब १८ करोडभन्दा बढी भुक्तानी बाँकी छ । महिनाको २ करोडभन्दा बढीको बीमा भुक्तानी दाबी गरे पनि भुक्तानी थोरै पठाउनेमात्रै होइन अति ढिलो पठाउने गरेको कारण सेवा दिन गाह्रो भएको अनुभव गरिँदै छ ।

यी त केही प्रतिनिधिमूलक अस्पतालहरू मात्रै हुन् । देशैभरका अस्पतालहरूको अवस्था योभन्दा फरक नहोला । सरकारले भुक्तानी दिन नसक्ने भए किन स्वास्थ्य बीमा लागु गरियो ? बीमा लागु भएका अस्पतालहरूमा भुक्तानी दिन किन ढिलाइ गरियो ? कतै स्वास्थ्य बीमा कार्यक्रमबाट सरकार पछि हट्न खोजेको त होइन ? यावत प्रश्नहरू उठेका छन् । सरकारले संविधानबमोजिम नि:शुल्क उपचार र स्वास्थ्य बीमामार्फत सबैको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउँदै लान उचित बजेटको व्यवस्था गर्नु आवश्यक छ । वि.सं. २०९० सालभित्र सबै नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गर्ने लक्ष्य पूरा गर्ने हो भने बीमा कार्यक्रममा भएका कमीकमजोरीलाई हटाई जनतालाई सहज स्वास्थ्य सेवातर्फ सरकारले ध्यान दिने जनताको अपेक्षा छ ।


## हार्दिक समवेदना



जन्म : १९९८/०८/१६
निधन : २०८०/१२/२०

यस आदर्श आजाद मा.वि./कलेजका शिक्षक गोपाल जाकिबन्जारका श्रद्धेय बुबा **जगतलाल जाकिबन्जार**को दु:खद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**आदर्श आजाद मा.वि./कलेज परिवार**

परदेश भीमसेनस्थान,भ.न.पा.-५,भक्तपुर

## उपभोक्ताको जानकारी पाउने अधिकारको रक्षा गरौं

वस्तु उत्पादक कम्पनीहरुले आफ्नो उत्पादनमा:

- उत्पादकको नाम, ठेगाना र उद्योग दर्ता नम्बर,
- खाद्य पदार्थ र औषधि जस्ता वस्तुमा मिश्रण, परिमाण र तौल,
- गुणस्तर निर्धारण भएको वस्तुमा गुणस्तर चिन्ह,
- वस्तु उपभोग गर्ने तरिका,
- वस्तुको उपभोग गर्दा हुन सक्ने प्रभाव,
- वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति उल्लेख गर्नु पर्दछ ।

त्यस्तो गरेको नपाइए तत्काल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा उजुरी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## माटो बिक्रीसम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/१२/२८ गते

उपरोक्त सम्बन्धमा भक्तपुर नगरपालिका वडा नं. ६, देकोचामा प्रस्तावित अरनिको सभागृह भवन निर्माणको लागि जग खन्ने क्रममा निस्किएको माटो तत्काल बिक्री/व्यवस्थापन गर्नुपर्ने देखिएकोले हाललाई करीब ३३०० घ.मि. माटो तपसिलको दर रेटमा नघट्ने गरी के कति दर रेटमा निर्माण स्थलबाटै आफै लोड गरी खरिद गरी लान सकिने हो इच्छुक कम्पनी वा व्यक्तिले सूचना प्रकाशन भएको मितिले तीन (३) दिनभित्रै सिलबन्दी निवेदन वा प्रस्ताव पेस गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि भ.न.पा. योजना तथा प्राविधिक शाखामा सम्पर्क गर्नसमेत अनुरोध छ ।

**तपसिल**

१. प्रति घन मिटर रु. २९४.८० (दुई सय चौरानब्बे रुपैयाँ असी पैसामात्र)

## भक्तपुर नगरपालिका
## शिक्षा शाखा

ब्यासी, भक्तपुर-२

## आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा २०८० को नतिजा प्रकाशन तथा ग्रेडवृद्धि (पूरक) परीक्षासम्बन्धी सूचना

भक्तपुर नगरपालिकाको परीक्षा समितिको मिति २०८०।१२।२७ गते बसेको बैठक निर्णयअनुसार यस पालिकाद्वारा सञ्चालित आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा-२०८० नतिजा विद्यालय स्तर एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) बाट प्रकाशन गरिसकेको हुँदा विद्यालयले आफ्नो नतिजा IEMIS मा Login गरी Manage Exam को Gradewide Ledger गई नतिजा प्रिन्ट गरी आफ्नो नतिजा प्रकाशन गर्नुहुन अनुरोध छ । नतिजा तपसिलबमोजिम रहेको जानकारी गराइन्छ ।

**तपसिल**

- **आवेदन फाराम भर्ने जम्मा विद्यार्थी सङ्ख्या** : २७०९ (सामुदायिकतर्फ ८०६, सामुदायिक खुलातर्फ २ र संस्थागततर्फ १९०१)
- **परीक्षामा सहभागी विद्यालय सङ्ख्या** : ६५ (सामुदायिकतर्फ १७, खुलातर्फ १ र संस्थागततर्फ ४७)
- **परीक्षामा सम्मिलित विद्यार्थी सङ्ख्या** : २६९५
- **परीक्षामा अनुपस्थित विद्यार्थी सङ्ख्या** : १४
- **कक्षा ९ मा भर्ना हुन योग्य विद्यार्थी सङ्ख्या** : २३१४ (८५.४२ प्रतिशत) (कुनै विषयमा सैद्धान्तिकतर्फ र प्रयोगात्मकतर्फ NG नआएका)
- प्राप्त नतिजाअनुसार अवर्गीकृत (NG) ग्रेडस्तर प्राप्त गर्ने विद्यार्थीले कक्षा ९ मा अध्ययन गर्न अनिवार्यरूपमा ग्रेडस्तर वृद्धि गर्नुपर्नेछ ।
- परीक्षा नतिजामा चित्त नबुझी पुनर्योग गर्न चाहने विद्यार्थीका लागि नियमानुसार पुनर्योगका लागि निवेदन पेस गर्ने म्याद २०८१।०१।०४ गतेसम्म निर्धारण गरिएको छ ।
- ग्रेडवृद्धि (पूरक) परीक्षा देहायबमोजिम सञ्चालन हुनेछ ।

क) **आवेदन फाराम भर्ने मिति** : २०८१।०१।०४ गतेसम्म

ख) **परीक्षा समय** : बिहान ७:०० बजे र ९:३० बजे

**परीक्षा तालिका**

| क्र.स. | मिति | विषय र परीक्षा समय | |
|---|---|---|---|
| | | बिहान ७:००-९:०० | बिहान ९:३०-११:३० |
| १ | २०८१।०१।०६, विहीबार | गणित | |
| २ | २०८१।०१।०७, शुक्रबार | विज्ञान तथा वातावरण | अङ्ग्रेजी |
| ३ | २०८१।०१।०८, शनिबार | सामाजिक अध्ययन र मानव मूल्य शिक्षा | नेपाली |
| ४ | २०८१।०१।०९, आइतबार | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ख्वपको पहिचान |

**नोट** : *परीक्षा नतिजामा प्राविधिक कारणबस कुनै त्रुटी भएको देखिन आएमा कार्यालयको अभिलेखअनुसार सच्याइनेछ ।*

**परीक्षा समिति**
**फोन नं. ०१-६६१०११६**

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा